का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक २१
❑ ७ फागुन २०७६, बुधबार
❑ 19 February 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# सशंकित प्रजातन्त्र !

## नागरिक अधिकार खोस्नेगरी सरकारले ल्याइरहेको विभिन्न विधेयक, नियन्त्रणमुखी सरकारी कार्यशैली र सरकारी अधिकारीहरूकै अभिव्यक्तिकै कारण लोकतन्त्र खतरामा पर्नसक्ने देखिन्छ ।



गएको असारमा गुठी विधेयक विरूद्ध काठमाडौंको माइतिघर मण्डलामा प्रदर्शन ।

**राजेश्वरी कार्की/मध्यान्ह**
काठमाडौं, ७ फागुन

जहानीय निरङ्कुश राणाशासनको अन्त्य गर्दै प्रजातन्त्र स्थापना भएको ७० वर्ष पुगेको छ । संवैधानिक राजतन्त्रको व्यवस्था सहित जनता रैतीबाट प्रजा भएको सम्झनामा हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र मनाइदै आएको छ ।

यो ७० वर्षमा पञ्चायत, संवैधानिक राजतन्त्र, शाही कू, माओवादी जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेश आन्दोलन, आदिबासी जनजाति आन्दोलन, संविधानसभा बाँकी पृष्ठ २ मा

**२००७**
राणाशासनको अन्त्य
प्रजातन्त्र स्थापना

**२०१५**
आम निर्वाचन
बीपी कोइराला प्रधानमन्त्री

**२०१७**
संसद विघटन
दलहरूमाथि प्रतिबन्ध, पञ्चायत शासन शुरू

**२०२८**
झापा विद्रोह
कम्युनिष्टमाथि थप कडाइ

**२०३६**
जनमत संग्रह
निर्दल विजयी

**२०४६**
जनआन्दोलन
पञ्चायतको अन्त्य, संवैधानिक राजतन्त्र

**२०४८**
संसदीय निर्वाचन
काँग्रेस सरकार गठन

**२०४९**
स्थानीय निकाय निर्वाचन
गाउँसम्म जनप्रनिधि

**२०५१**
मध्यावधि निर्वाचन
अल्पमतको सरकार

**२०५२**
माओवादी जनयुद्ध घोषणा
गृहयुद्धको आरम्भ

**२०५४**
स्थानीय निकाय निर्वाचन
गाउँसम्म जनप्रनिधि

**२०५६**
संसदीय निर्वाचन
काँग्रेसलाई बहुमत

**२०५८**
दरबार नरसंहार
ज्ञानेन्द्र शाह राजा

**२०५९**
संसद बिघटन
शाही 'कू' घोषणा

**२०६२/०६३**
दोस्रो जनआन्दोलन
संसद पुनस्थार्पना, अन्तरिम सरकार गठन

**२०६३**
अन्तरिम संविधान जारी
संविधानसभा निर्वाचन घोषणा

**२०६४**
शान्ति सम्झौता
माओवादी संसदीय अभ्यासमा

**२०६३**
मधेश विद्रोह
समानुपातिक समावेशिताको थालनी

**२०६४**
संविधानसभा निर्वाचन
माओवादीको सरकार गठन, राजतन्त्र अन्त्य, गणतन्त्र स्थापना

**२०६९**
संविधानसभा बिघटन
चुनावी सरकार गठन

**२०७०**
दोस्रो संविधानसभा निर्वाचन
काँग्रेस गठबन्धन सरकार

**२०७२**
संविधानसभाबाट संविधान जारी
संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना

**२०७४**
तीन तहको निर्वाचन
पाँच वर्षे स्थीर कम्युनिष्ट सरकार गठन

## सिंहदरबारमै कुटिए प्रहरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ फागुन

आफूभन्दा सिनियरलाई सलाम नगरेको भन्दै प्रहरीका एक जवान कुटिएका छन् । महानगरीय प्रहरी वृत्त सिंहदरबारमा कार्यरत प्रहरी जवान बलबहादुर विश्वकर्मा कुटिएका हुन् । आफूलाई सलाम नगरेको भन्दै प्रहरी निरीक्षक विक्रम सुवेदीले विश्वकर्मालाई कुटेका हुन् ।

सिंहदरबार प्रहरी बृत्त स्रोतका अनुसार प्रहरी निरीक्षक सुवेदीले वृत्तमा कार्यरत प्रहरी जवान विश्वकर्मामाथि गालीगलौज गर्दै कुटपिट गरेका हुन् । सोमबार बिहान सादा पोशाकमा आएका प्रहरी निरीक्षक सुवेदीलाई विश्वकर्माले सलाम नगरेको भन्दै उनी कुटिए ।

प्रहरी संगठनमा जुनियर कर्मचारीले सिनियरलाई सलाम गर्ने प्रचलन छ । सिनियरले अपशब्द प्रयोग गर्दासमेत जुनियरले सहदै आएका छन् । सिंहदरबार वृत्तका डिएसपी कौशल बुढाथोकीले कुटपिटको प्रयास मात्र भएको दाबी गरेका छन् । उनले भने, 'सलाम नगरेपछि सम्झाउने क्रममा विश्वकर्माले केही बोलेपछि प्रहरी निरीक्षक सुवेदीले कुट्ने प्रयास गरेको देखिन्छ ।' उनले यस विषयमा अनुसन्धान गरिने बताएका जनाए । प्रहरी निरीक्षक सुवेदीले जवान विश्वकर्मालाई पटक-पटक होच्याउने गरेको तथा गालीगलैज गर्ने गरेको एक जवानले जानकारी दिए ।

शिवरात्रीमा ५ हजार प्रहरी

महाशिवरात्रिको अवसरमा पशुपतिमा ५ हजारभन्दा बढी प्रहरी परिचालन हुने भएका छन् । भक्तजनको सुरक्षाका लागि बाँकी पृष्ठ २ मा

## प्रधानमन्त्रीको सम्बोधन रोकियो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यमा समस्या देखिएपछि अस्पताल भर्ना भएका छन् । मंगलबार राति प्रधानमन्त्री ओली महाराजगञ्जस्थित मनमोहन कार्डियो थोरासिक भास्कुलर एण्ड टान्सप्लान्ट सेन्टरमा भर्ना भएको उनको सचिवालयले जनाएको छ । प्रधानमन्त्री ओलीको सेन्टरको क्याथ ल्याबमा स्वास्थ्य परीक्षण भएको हो । मंगलबार दिउँसै प्रधानमन्त्रीको स्वास्थ्यमा समस्या देखिएपछि राष्ट्रियसभामा सम्बोधन गर्ने कार्यक्रम स्थगित भएको थियो । मंगलबारको राष्ट्रियसभा बैठकलाई प्रधानमन्त्री ओलीले सम्बोधन गर्ने तयारी थियो । स्वास्थ्यमा समस्या देखिएपछि प्रधानमन्त्री ओलीले सभालाई सम्बोधन गर्न नसक्ने जनाएका थिए ।

प्रधानमन्त्री ओली डायलासिसका लागि मनमोहन सेन्टरमा निरन्तर जाने गरेका थिए । प्रधानमन्त्रीको उपचारमा संलग्न चिकित्सकका अनुसार मंगलबार राति प्रधानमन्त्री ओली डायलासिस नभएर अन्य उपचारका लागि भर्ना भएको जानकारी दिए । तर, प्रधानमन्त्रीको स्वास्थ्यमा कस्तो समस्या देखिएको भन्ने कुरा खुलाएनन् ।

प्रधानमन्त्री ओली मिर्गौलाको खराबीका कारण केही समययता नियमित डायलासिस गराउँदै आएका छन् । प्रधानमन्त्री ओलीको कात्तिक १३ गते पहिलो पटक डायलायसिस भएको थियो । दुवै मिर्गौला फेल हुँदा सातामा दुई वा तीन पटक डायलासिस गर्नुपर्ने हुन्छ । तर, प्रधानमन्त्री ओलीको मिर्गौलाको कार्यक्षमतामा पूर्ण ह्रास नआइसकेका कारण असहज महसुस भए मात्र डायलासिस गरिँदै आएको थियो । गत बाँकी पृष्ठ २ मा

## मन्त्रालय पुग्यो एमसीसी विवाद

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ फागुन

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को विवाद सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हुँदै परराष्ट्र मन्त्रालयसम्म पुगेको छ । नेकपाको कार्यदलले एमसीसीसँग सम्बन्धीत कागजात परराष्ट्र मन्त्रालयसँग मागेपछि विवाद बल्झिएको हो । नेकपा केन्द्रीय समिति बैठकले वरिष्ठ नेता झलनाथ खनाल संयोजक तथा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र स्थायी कमिटी भीम रावल सदस्य रहेको कार्यदल गठन गरेको थियो । निर्धारित समयमा प्रतिवेदन बुझाउन नसकेको कार्यदलको समय थप गरिएको छ । समिति भित्र परराष्ट्र मन्त्री ज्ञवाली र नेता रावलबीच टकराव पनि जारी रहेको छ ।

केही दिनअघि कार्यदलले परराष्ट्र मन्त्रालयलाई पत्र लेखेको थियो । मन्त्रालयले पार्टीलाई कागजात उपलब्ध गराउन अस्वीकार गरेको थियो । त्यसपछि कार्यदलले पार्टीको सहयोग मागेको हो । कार्यदलले पार्टी महासचिव विष्णु पौडेललाई पत्र लेखेर आवश्यक कागजात उपलब्ध गराउने गरी मन्त्रीलाई निर्देशन दिन माग गरेको कार्यदलका संयोजक खनालले जानकारी दिएका छन् ।

संयोजक खनालले भने, 'हामीले सबै कागजात उपलब्ध गराइदिन भनेर पार्टी महासचिवलाई पत्र लेखेका हौं । परराष्ट्र मन्त्रालयबाट कागज उपलब्ध हुनेक्रममा छन् । त्यो आएपछि थप अध्ययन गरेर सुझाव प्रतिवेदन पार्टीमा बुझाउँछौं ।'

सन् २०१७ सेप्टेम्बर १४ मा नेपालका तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका तर्फबाट कार्यवाहक बाँकी पृष्ठ २ मा

## संस्थागत रूपमा वैदेशिक रोजगारीमा जानेको संख्या घट्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ फागुन

संस्थागत रूपमा वैदेशिक रोजगारीमा जाने कामदारहरूको संख्या घटेको छ । पुसको तुलनामा माघमा संस्थागत बाटो भएर विदेशिनेको संख्या घटेको हो ।

चालू आर्थिक वर्षको पुसमा संस्थागत रूपमा २७ हजार ४ सय ४२ जना वैदेशिक रोजगारीमा गएका थिए । माघमा उक्त संख्यामा २ हजार ३ सय जनाले कमी आएको वैदेशिक रोजगार विभागले जनाएको छ । विभागका अनुसार, माघमा संस्थागत ढंगले २५ हजार १ सय ७१ नेपाली विदेश उडेका छन् ।

गत वर्षको पुसमा १७ हजार ८ सय ३० नेपाली संस्थागत रूपमा वैदेशिक रोजगारीमा गएका थिए । त्यतिबेला मलेसियाको रोजगारी बन्द रहेको थियो ।

हाल नेपालले संस्थागत, रिइन्ट्री, व्यक्तिगत र वैधानिकीकरण गरी ४ प्रकारका श्रम स्वीकृतिबाट नेपालीलाई वैदेशिक रोजगारीमा पठाउने गरेको छ ।

माघ महिनामा संस्थागत, रिइन्ट्री, व्यक्तिगत, तथा वैधानिकीकरण गरी ४८ हजार ६ सय ७४ जना विदेश गएका छन् । पुसमा सबै प्रक्रिया पूरा गरी ५२ हजार २ सय २५ जना विदेशिएका थिए ।

वैदेशिक रोजगार विभागले तयार पारेको तथ्यांक अनुसार, संस्थागत रूपमा माघ महिनामा सबैभन्दा बढी कामदार मलेसिया गएका छन् । माघमा मलेसिया जाने कामदारको संख्या ८ हजार ९ सय ३४ रहेको छ भने अन्य प्रक्रियासमेत गरेर गएका कामदारको संख्या जोड्दा माघमा १० हजार ५ सय ४४ जना नेपाली कामदार मलेसिया पुगेका छन् ।

मलेसियापछि संस्थागत अर्थात् म्यानपावर कम्पनीबाट नेपाली कामदार क्रमशः साउदी अरब, यूएई र कतार गएका छन् । वैदेशिक रोजगार विभागले माघको २६ दिनको तथ्याक सार्वजनिक गरेको छ । जसअनुसार साउदी अरबमा ५ हजार २ सय ८२, यूएईमा ४ हजार ९ सय ३२ जना र कतारमा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### यी हुन् माघमा धेरै कामदार पठाउने १० म्यानपावर

काठमाडौं/मस- दि रिभर ओभरसिज प्रा.लि. माघमा सबैभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीको सूचीमा पर्न सफल भएको छ । पुसमा सबैभन्दा बढी कामदार पठाउन सफल भएको दि रिभर माघमा पनि अग्रपंक्तिमा दरिएको हो ।

दि रिभरले माघमा ५ सय २० कामदार विदेश पठाएको छ । पुसमा ५ सय ९३ जना दि रिभरमार्फत विदेशिएका थिए ।

एसओएस म्यानपावर सर्भिसेज प्रा.लि.ले दि रिभरपछिको धेरै कामदार पठाउने म्यानपावर हो । माघमा ३ सय ६८ जना यो म्यानपावरमार्फत विदेशिएको छन् । ३ सय ३० जना कामदार पठाएको प्याराडाइज इन्टरनेशनल प्रा.लि. सूचीको तेस्रो स्थानमा छ । ३ सय ८ कामदार पठाएको साउण्डलाइन्स रिक्रुट्मेन्ट प्रा.लि. सूचीको चौथो नंम्बरमा छ । कोशी इन्टरनेशनल सर्भिसेज प्रा.लि. कामदार पठाउने बाँकी पृष्ठ २ मा

## सर्‍यो स्ववियु चुनाव

काठमाडौं/मस- त्रिभुवन विश्वविद्यालयले आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा फागुन महिनाभित्र गर्ने भनिएको स्वतन्त्र विद्यार्थी युनियनको चुनाव अनिश्चित कालका लागि स्थगित भएको छ । त्रिवि कार्यकारी परिषदको बैठकले विशेष कारण देखाउँदै अनिश्चित कालका सारेको हो । खेलकुद निर्देशनालयका कार्यकारी निर्देशक गंगाबहादुर मगरका अनुसार नयाँ सूचना सार्वजनिक नहुँदासम्मका लागि अनिश्चित कालका लागि चुनाव बाँकी पृष्ठ २ मा

७० औं राष्ट्रिय प्रजातन्त्र दिवस उपत्यका भित्र सैनिक मञ्चमा र उपत्यका बाहिर प्रदेश, जिल्ला र स्थानीय तहहरूले आयोजना गर्ने कार्यक्रममा सहभागी भई भव्य रूपमा मनाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

सूचना ! सूचना !! सूचना !!!

आदरणीय वैदेशिक रोजगार व्यवसायी साथीहरू,

गत आर्थिक बर्षमा वैदेशिक रोजगारमा १०० जना कामदार रोजगारीका लागि बिदेश पठाउन अपुग भएका व्यावसायी मित्रहरु अति आवश्यक विषयमा गम्भिर छलफल गर्नुपर्ने भएको हुदाँ तल उल्लेखित नम्बरमा सम्पर्क गरीदिनु हुन अनुरोध गर्दछु ।

फोन नं.: ९८१०१०१८१०, ९८५११०७८५०, ९८५१०००१६
९८४१५७९९४०, ९८४१२७०१७२, ९८४१२५६०८१, ९८५१००३४८५

आयोजक
नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति
सामाखुसी, काठमाडौं

# पशुपतिदेखि माइतीघर मण्डलासम्म शोभायात्रा




**काठमाडौं/मस-** प्रत्येक वर्ष फागुन कृष्ण त्रयोदशीका दिन मनाइने महाशिवरात्रिलाई यस वर्ष नेपाल भ्रमण वर्षसँग जोडेर भव्यताका साथ मनाउन प्रचारप्रसार गर्ने उद्देश्यले पशुपतिदेखि माइतीघर मण्डलासम्म शोभायात्रा निकालिएको छ ।

मंगलबार पशुपतिनाथ मूल मन्दिरको पश्चिम ढोकाअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले शोभायात्राको शुभारम्भ गरे । शोभायात्रामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, पशुपति बहुमुखी क्याम्पसलगायत शैक्षिक संस्थाका विद्यार्थी, बैंक एवं वित्तीय संस्थाका कर्मचारीलगायत भक्तजन र सर्वसाधारण गरी १० हजारभन्दा बढीको सहभागिता थियो । शोभायात्रामा मन्त्रालयका सचिव केदारबहादुर अधिकारीलगायत कोषका पदाधिकारीहरुको सहभागिता थियो ।

यात्रामा सांस्कृतिक झाँकीसहित महाशिवरात्रि र नेपाल भ्रमण वर्षको समेत प्रचारप्रसार गरिएको थियो । महाशिवरात्रिमा धेरैभन्दा धेरै धार्मिक पर्यटक भित्र्याउन मंगलबार बिहान पशुपतिदेखि तिलगङ्गा-एयरपोर्ट-तीनकुने-नयाँबानेश्वर-बिजुलीबजार-बबरमहल हुँदै माइतीघर मण्डलासम्म शोभायात्रा निकालिएको कोषका सदस्यसचिव डा प्रदीप ढकालले बताए ।

नेपालीले राष्ट्रदेवका रुपमा पूजाआराधना गर्ने पशुपतिनाथलाई द्वादश ज्योतिर्लिङ्गको पनि ज्योतिर्लिङ्गका रुपमा विश्वका विभिन्न देशमा रहेका वैदिक सनातन धर्मावलम्बीले मान्छन् । विश्वभर छरिएर रहेका हिन्दू धर्मावलम्बीले एकपटक आइपुग्नै पर्ने गन्तव्यस्थलका रुपमा पशुपतिनाथलाई राख्ने गरेका छन् ।

पशुपति क्षेत्र विकास कोषले यस वर्षको महाशिवरात्रिलाई नेपाल भ्रमण वर्षसँग जोडेर भव्य रुपमा मनाउन विभिन्न कार्यक्रम गरिरहेको छ । महाशिवरात्रि मनाउन कोष सञ्चालक परिषद् अध्यक्ष रहनुभएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भट्टराईको अध्यक्षतामा १११ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ। समितिअन्तर्गत ११ उपसमिति पनि गठन भएको छ ।

महाशिवरात्रिका लागि पशुपतिमा सबै तयारी पूरा भइसकेको जनाइएको छ । यस वर्ष अहिलेसम्म दुई हजारभन्दा बढी साधुसन्त पशुपति क्षेत्रका विभिन्न अखडामा आइबसेका छन् । फागुनकृष्ण एकादशीका दिन बिहानदेखि साधुसन्तलाई पशुपतिको मूल मन्दिरमा प्रवेश गराइनेछ । अन्तिम तयारीस्वरुप बुधबार बिहान पशुपति क्षेत्रमा बृहत् सफाइ गरिने कोषका प्रशासकीय अधिकृत गौरीशंकर पराजुलीले बताए ।

## डेढ क्विन्टल सुनले सिँगारिँदै पशुपति

**काठमाडौं/मस-** पशुपतिनाथ मन्दिरको शिवलिंगका पिठिका १४१ किलो सुनले सिंगारिने भएको छ । त्यसका लागि पशुपति विकास कोषले भक्तजनसँग सहयोग आह्वान गरेको छ । पिठिकामा हाल चाँदीको आवरणयुक्त जलहरी मात्रै छ । त्यसलाई हटाएर सुनको जलहरी बनाउन लागिएको हो ।

पशुपतिनाथका शिवलिंग अमूल्य धरोहरका रूपमा रहेकाले त्यसको संरक्षण र संवर्द्धनका निम्ति सुनको जलप लगाउने निर्णय गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । यसका लागि १ सय ४१ किलो सुन लाग्ने अनुमान कोषको छ । भक्तजनको सहभागितामा हुने जलहरी निर्माणमा २४ क्यारेटको सुन प्रयोग गर्ने कोषाको योजना छ ।

कोषले जलहरी योजना सार्वजनिक गर्दै सहयोगका लागि भक्तजनहरूलाई आग्रह गरेको छ । तर दातालाई मनमौजी सहयोग गर्ने सुविधा भने छैन । कोषका अनुसार, इच्छुक व्यक्तिले कम्तीमा १ तोलादेखि बढीमा १ किलोग्रामसम्म सुन वा सो बराबरको रकम सहयोग गर्न सक्नेछन् । १ किलोग्राम बढीको सुन वा सो बराबरको रकम कसैले सहयोग गर्न चाहेमा त्यो स्वीकार गर्न नसकिने कोषले जनाएको छ । १ तोलाभन्दा कम सुन वा सोबराबरको रकम सहयोग गर्न चाहनेको हकमा के हुन्छ भन्नेबारे भने कोषले केही खुलाएको छैन ।

इच्छुक व्यक्तिले कोषको विभिन्न ५ वटा बैंकमा रहेका खातामार्फत सहयोग गर्न सक्ने व्यवस्था कोषले मिलाएको छ । कोषका अनुसार इच्छुक भक्तजनले कोषको बैंक खाता रहेको कुमारी, एभरेष्ट, कृषि विकास, एसबीआई र नेपाल इन्भेस्टमेन्ट बैंकमार्फत सहयोग गर्न सक्नेछन् । सुनको जलहरी निर्माण अभियानका लागि गोप्य दानको व्यवस्था पनि कोषले मिलाएको छ । दानबारे जानकारी दिन अनिच्छा गर्न भक्तजनका लागि कोषले यस्तो व्यवस्था गरेको हो ।

महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रलाई फूलमालाले सजाइनेछ । मन्दिर सजाउन यस वर्ष केही भक्तजनले विभिन्न देशबाट फूलमाला मगाएको जनाइएको छ ।

# सडक निर्माण अलपत्र, आन्दोलनका कार्यक्रम घोषणा

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, ६ फागुन



दोलखाका नागरिकहरुको चको दवाव र आन्दोलनपछि सडक निर्माण कार्य सुरु गरेको ठेकेदार सम्पर्क विहीन बनेपछि दोलखाका नागरिकले पुनः आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् । सिन्धुपाल्चोक जिल्लाको खाडीचौरदेखी मुडे हुँदै दोलखा सदरमुकाम चरिकोट सम्मको सडक विस्तार कार्य सुरु भएको तीन वर्ष वितिसक्दा पनि ठेकेदार कम्पनीको लापरवाहीका कारण सडक निर्माण कार्य ढिला भएपछि दोलखाका नागरिक समाजका अगुवाहरुले चरणवद्ध रुपमा आन्दोलन गर्दै आएका छन् ।

आन्दोलनका क्रममा मंगलबार दोलखाका नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी र जिल्ला स्थित क्रियासिल संघ संस्थाबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । अन्तरक्रिया पश्चात छिटो सडक निर्माण गर्न दवावमुलक आन्दोलनका कार्यक्रमहरु घोषणा गरिएको छ भने सडक निर्माण कार्यलाई दवाव दिन संघर्ष समिति समेत गठन गरिएको छ ।

नागरिक समाज दोलखाका संयोजक चिरञ्जीवी मास्केको संयोजकत्वमा गठन गरिएको दवाव समुहको सह संयोजक सञ्चारकर्मी रमेश खतीवडा, सचिवमा सञ्चार कर्मी गोकर्ण भण्डारी र कोषाध्यक्षमा गणेश विक्रम शाहीलाई चयन गरिएको छ ।

संघर्ष समितिको तर्फबाट मंगलबार विभिन्न आन्दोलनका कार्यक्रम घोषणा गरिएको छ । घोषणा गरिएको आन्दोलनका कार्यक्रमहरुमा फागुन ११ गते सिन्धुपाल्चोकको डाँडापाखरमा रहेको आयोजनाको कार्यालयमा तालाबन्दी गर्ने, फागुन १२ गते विहान १ घण्टा सडक विभाग र आयोजना गाडी बन्द गर्ने, फागनु १४ गते विहान एक घण्टा र फागनु १६ गते विहान दुई घण्टा सदरमुकाम चरिकोटमा सरकारी गाडी चल्न नदिने, फागनु १८ गते थप दवावका लागि नेपाल निर्माण व्यवसायी महासंघ काठमाडौंमा डेलिगेसन जाने निर्णय गरिएको सचीव गोकर्ण भन्डारीले मध्यान्हलाई जानकारी दिए ।

भारतीय एक्जिम बैंकको करिब एक अर्ब २४ करोड ऋण सहयोगमा सिन्धुपाल्चोक जिल्लाको खाडीचौरदेखि चरिकोटसम्मको ५५ किलो मिटर सडक विस्तार आयोजनामा ढल तथा नालाको व्यवस्थापन सहित कालोपत्रे गर्ने योजना रहे पनि काम पूरा हुन सकेको छैन । नागरिक समाज संस्था र नागरिक अगुवाहरुको सक्रियतामा यसअघि खवरदारी सभा, सिठी जुलुस गरी डिभिजन सडक कार्यालय दोलखामा तालावन्दि समेत गरेका थिए ।

सडक निर्माणको जिम्मेवारी पाएको निर्माण कम्पनीका प्रमुखको फोटो जताततै टाँसेर विरोध सुरु गरेका नागरिकले सातदोबाटो चोकमा मानवसाङ्लो बनाई विरोध गर्ने तथा सिठी जुलुस गर्ने कार्यलाई निरन्तरता दिएका थिए । मानवसाङ्लो बनाएर शंकरमाली निर्माण सेवाका ठेकेदार दिपक सापकोटाविरुद्ध प्रदर्शन समेत गरिएको थियो ।

ठेकेदारले अब पनि काम सुरु नगरे रचनात्मक विरोधका थप कार्यक्रम आयोजन गरिने नागरिक अगुवा रमेश खतिवडाले जानकारी दिए । यसअघि नागरिक समाजका अगुवाहरुले सोही ठेकेदारको फोटो सार्वजनिक सवारी साधनमा टाँसेर विरोध प्रदर्शन गरेका थिए । दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी ठेक्का लिएको ठेकेदार कम्पनीले चार वर्ष वितिसक्दा समेत पनि कालोपत्रे नगरेकोले ठेकेदारलाई नैतिक दबाव दिन दोलखाका नागरिकले सार्वजनिक तथा निजी सवारी साधनमा काम नगर्ने ठेकेदारको फोटो टाँसी विरोध गरेका थिए ।

दोलखा सहित सिन्धुपाल्चोक र रामेछाप गरी तीन जिल्लाका यात्रुले प्रयोग गर्ने खाडीचौर-चरिकोट सडकको विभिन्न खण्डमा ठूला-ठूला खाल्डा तथा धुलाम्मे हुँदा दैनिक हजारौं यात्रु र सडक आसपासका स्थानीयले सास्ती भोग्नु परिरहेको छ ।

दैनिक हजारौं यात्रुको ज्यान जोखिममा पर्नुका साथै पर्यटन व्यवसाय ठप्प बनेको र अत्यावश्यक सामग्री आयातमा चरम कठिनाई भोग्नु परेपछि नागरिक सडकमा उत्रेका हुन् । मुडे-चरिकोट सडक खण्डको ३० किलोमिटर सडक दुई लेनको कालोपत्रे सहित दुई वर्षमा सक्ने गरी २०७२ भदौमा सम्झौता भएको थियो ।

# टिपरले फेरि लियो ज्यान

**सप्तरी/६ मस-** सप्तरीमा टिपरको ठक्करबाट दुई जना भारतीय नागरिकको ज्यान गएको छ । बोदे बर्साइन नगरपालिकामा ना १ क ५५२७ नम्बरको टिपरले टिपरले स १ ह ३७९५ नम्बरको अटोलाई ठक्कर दिँदा दुई जना भारतीय नागरिकको मृत्यु भएको हो ।

मृत्यु हुनेमा भारतको अररिया जिल्लाको मोतिहारी ग्राम पञ्चायत निवासी २६ वर्षीय मोहम्मद सद्दाम हुसेन र सोही ठाउँका ४५ वर्षीया कुनकुनिया खातुन रहेका छन् ।

मुस्लिम धर्मावलम्बीको सभामा सहभागी भएर घर फर्किने उनीहरूलाई ठक्कर दिएको थियो । टिपरको ठक्करले हुसेनको घटनास्थलमै र खातुनलाई उपचारका लागि विराटनगरतर्फ लग्ने क्रममा बाटोमै मृत्यु भएको सप्तरी प्रहरीका प्रवक्ता एवं डीएसपी तिलक भारतीले जानकारी दिए ।

उक्त दुर्घटनामा आधा दर्जन व्यक्ति घाइते भएका छन् । यसमध्ये एक जनाका अवस्था गम्भीर भएकाले उपचारका लागि विराटनगर पठाइएको र बाँकीको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

यसअघि पनि टिपरको ठक्करबाट देशका विभिन्न स्थानमा ज्यान लिइरहेको छ । पछिल्लो समय टिपरलाई यमराजको संज्ञा नै दिन थालिएको छ ।

## सिंहदरबारमै ...

ठूलो संख्यामा प्रहरी परिचालन गर्न लागिएको हो । महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरीका प्रमुख डीआईजी विश्वराज पोखरेलले सादा पोसाकमा सूचना संकलन र रिजर्भ फोर्स पनि तयारी अवस्थामा राखिएको जानकारी दिएका छन् ।

यसपटक फागुन ९ गते परेको शिवरात्रिमा पशुपतिनाथको दर्शनका लागि स्वदेश तथा विदेशबाट भक्तजन आउने क्रम सुरु भएको छ । भीड धेरै हुने भएकाले चोरी, लुटपाट हुनसक्नेतर्फ प्रहरी सक्रिय भएको डीआईजी पोखरेल बताउँछन् । प्रहरीले गैरकानुनी गतिविधि नियन्त्रणदेखि दर्शनका लागि पुग्ने भक्तजनको लाम मिलाउनेदेखि सवारीसाधन पार्किङ व्यवस्थापनमा पनि सघाउनेछ । पशुपति क्षेत्रमा प्रविधिबाट निगरानी, कुकुरसहितको सुरक्षा जाँचको तयारी गरिएको छ । डीआईजी पोखरेलले भने 'भीडमा महिलाको गहना तथा पैसा लुट्ने गिरोह सक्रिय हुन सक्छन् । त्यसका लागि सादा पोसाकमा महिला प्रहरी परिचालन हुनेछन् । शान्त र भयरहित वातावरणमा मन्दिर दर्शनका लागि सुरक्षा व्यवस्था भरपर्दो पार्नेछौं ।'

उनका अनुसार सुरक्षा व्यवस्थापनका लागि कमान्ड पोस्टसमेत बनाइने छन् । नेपाल प्रहरीसँगै सशस्त्र प्रहरी पनि सुरक्षामा खटिँदै आएको छ । गाँजा, भाङलगायत पदार्थ बेच्ने, सेवन गर्ने र बिक्री-वितरणमा पनि प्रतिबन्ध लगाइएको पोखरेलले बताए ।

## मन्त्रालय...

सीईओ जोनाथन नाशले एमसीसी सम्झौतामा हस्ताक्षर गरेका थिए । उक्त परियोजनाका लागि नेपाल २०११ मा छनोट भएको थियो । त्यसको कार्यविधि २०१४ मा बन्यो । नेपाल सरकारले निजी क्षेत्र, नागरिक समाज तथा सम्बन्धित पक्षहरूसँग छलफल गरेपछि मात्रै उक्त सम्झौतामा दुवै पक्षले हस्ताक्षर गरेका थिए ।

यी नेपालमा अस्थिर सरकार भएका बेला एमसीसी सम्झौताबारे भएका काम थिए भने केपी शर्मा ओली सरकारका दुई तिहाईको सरकारका अर्थमन्त्री डा. युवराज खतिवडाले २९ सेप्टेम्बर २०१९ मा कार्यक्रम कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरेका हुन् । एमसीसीको अवधारणा सन् २००४ मा आएको हो। यसका विरोधीहरुले दोस्रो विश्वयुद्धपछि अमेरिकाले अभ्यास थालेको 'संरचनात्मक समायोजन कार्यक्रम' जस्तै दूरगामी प्रभावकारी कार्यक्रम बताउने गरेका छन् । संरचनात्मक समायोजन कार्यक्रम पञ्चायतकालमा डा. प्रकाशचन्द्र लोहनी अर्थमन्त्री भएका बेला नेपालमा लागु गरिएको थियो ।

## सशंकित...

गठन हुँदै संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । २०७२ को संविधानले मुलुकलाई सात प्रदेश र ७५३ स्थानीय तह सहितको राज्य पुनर्संरचना भएको छ भने गणतान्त्रिक मुलुकको संविधानले प्रस्तावनामै समानुपातिक समावेशिता तथा धर्म निरपेक्षता सुनिश्चित गरेको छ ।

मुलुकमा प्रगतिशील शक्ति नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वमा शक्तिशाली र स्थीर सरकार गठन भएको छ । तर, फेरि पनि संविधानको भावना बिपरीत सरकारले जनताको अधिकार खोस्नेगरी विधयेक ल्याएको भन्दै जनता बारम्बार असन्तुष्टिका स्वर उठाउँदै आएको छ। सार्वभौमसत्ता सम्पन्न जनताको भावना बिपरीत सरकारी गतिविधि हुनुलाई राजनीतिक विश्लेषक उचित मान्दैनन् । त्यसले स्वयम् यो ७० वर्ष संघर्षबाट प्राप्त उपलब्धी खतरामा पर्न सक्ने विश्लेषण समेत हुने गरेको छ ।

## प्रधानमन्त्रीको...

कात्तिक १३ र १४ गते उनको चौबिस घण्टामा दुईपटक डायलासिस भएको थियो ।

२०६४ सालमा ओलीको भारतको अपोलो अस्पतालमा मिर्गौला प्रत्यारोपण गरिएको थियो । प्रत्यारोपणपछि उनले औषधि सेवन गर्दै आएका छन् । प्रधानमन्त्री ओलीको गत १८ साउन र ५ भदौमा सिंगापुरस्थित नेसनल युनिभर्सिटी अस्पतालमा उपचार भएको थियो । प्लाज्माफेरेसिस पद्धतिबाट शरीरमा बढेको एन्टिबडी नष्ट गरिएको थियो । १२ वर्षअघि मिर्गौला फेल भएपछि प्रत्यारोपण गरिएको थियो ।

## सन्यो...

स्थगित भएको हो ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद शाखा र विद्यार्थीसँग त्रिवि समितिबीच फागुनभित्रै चुनाव गर्ने सहमति पुस २० गते भएको थियो । यसअघि २०७३ फागुन १८ गते स्ववियु चुनाव भएको थियो । त्यतिखेर निर्वाचित पदाधिकारीको दुई वर्षे कार्यकाल सकिएपछि आगामी फागुन १३ गतेसम्म मात्र थप गरिएको छ ।

२०७३ सालमा करिब २ सय ८० क्याम्पसमा मात्र निर्वाचन भएको थियो । त्रिविमा ६२ वटा आंगिक तथा एक हजार भन्दा बढी सम्बन्धन प्राप्त क्याम्पस छन्। आंगिकमध्ये केहि क्याम्पसमा २०७३ सालमा पनि चुनाव भएको थिएन । सम्बन्धन प्राप्तमध्ये पचास प्रतिशतभन्दा बढी क्याम्पसमा चुनाव भएको छैन ।

यसैबीच, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) का महामान्त्री बलदेव तिमल्सिनाले सरकार र त्रिभुवन विश्वविद्यालयले स्ववियुको चुनाव टार्न खोजेको आरोप लगाएका छन् । बानेश्वर बहुमुखी क्याम्पसको २९औं वार्षिकोत्सवमा उनले आफूविरुद्धको जनमत प्रतिबिम्बित हुने डरले सरकार स्ववियु निर्वाचन टार्न खोजिरहेको आरोप लगाए । उनले नेविसंघ चुनावको तीव्र तयारीमा लागिसकेको अवस्थामा सरकार र त्रिभुवन विश्वविद्यालय निर्वाचन भाँड्न लागेको दाबी गरे । उनले नेविसंघ निर्वाचनको पक्षमा रहेको जानकारी गराउँदै स्ववियु निर्वाचनको सुनिश्चितता गर्न माग पनि गरे ।

## यी हुन् ...

म्यानपावरहरूको प्रतिस्पर्धामा पाँचौं नम्बरमा छ । वैदेशिक रोजगार विभागका अनुसार, कोशीमार्फत माघमा २ सय ८१ कामदार विदेश उडेका छन् ।

२ सय ७६ जना पठाएको अल आसमाक्स कम्पनी प्रा.लि. सूचीको छैठौं र २ सय ६२ कामदार पठाएको इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. सातौं स्थानमा छ । २ सय ४७ जना कामदार पठाएको बज्र ह्युमन रिसोर्सेज प्रा.लि. आठौं, २ सय ४३ जना कामदार पठाएको दुवई ओभरसिज इन्टरनेशनल प्रा.लि. नवौं र २ सय ४१ जना कामदार पठाएको अक्सफोर्ड इन्टरनेशनल प्रालि. सूचीका दशौं नंम्वरमा समेटिएका छन् ।

विभागमा दर्ता भएका ८ सय ५४ म्यानपावर कम्पनीमध्ये माघमा ७ सय ५४ म्यानपावर कम्पनीले मात्र कामदार पठाएका छन् । त्यसअघि पुस महिनामा ७ सय ६८ वटा म्यानपावर कम्पनीले कामदार पठाएका थिए । माघमा दश जनाभन्दा कम कामदार पठाउने म्यानपावर कम्पनीको संख्या ३ सय दुई रहेको छ । माघमा सय जना भन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीको सख्या ५३ छन् ।

## संस्थागत...

४ हजार २ सय ५५ जना गएका छन् । कुवेतमा १ हजार १ सय ५६ जना गएका छन् । माघ महिनामा रोजगारीका लागि ८२ वटा देशमा नेपाली पुगेका छन् । पुसमा उक्तसंख्या ८४ थियो ।

बैक ग्यारेन्टी र धरौटी गरी २ देखि ६ करोड रूपैयाँसम्म राखी कार्यालय र कर्मचारीसहित कार्यालय सञ्चालन गरेका म्यानपावर कम्पनीहरूले नेपाली कामदार गएका ८२ मध्ये जम्मा १६ वटा मुलुकहरूमा मात्र कामदार पठाउन सकेका छन् । पुसमा उनीहरूले १९ वटा मुलुकमा मात्र कामदार पठाएका थिए । त्यसमा खाडीका साउदी अरब, कतार, मलेसिया र यूएई नेपाली कामदारका प्रमुख गन्तव्य देखिएका छन् ।

माघ महिनामा सस्थागत रूपमा गएका २५ हजार १ सय ७१ कामदारमध्ये उल्लेखित खाडीका तीन र मलेसिया गएको कामदारको संख्या मात्रै २२ हजार ५ सय ६२ छ । प्रतिशतका हिसाबले यो संख्या संस्थागत रूपमा वैदेशिक रोजगारीमा गएका कामदारको करिव ९० प्रतिशत हो ।

युरोप र जापानमा कामदार पठाउन चाहेको भए पनि सरकारी झन्झटका कारण ती मुलुकमा गई बजार प्रवर्द्धन गर्न नसकिएको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ ।

माघमा संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत कामदार गएका अन्य मुलुकमध्ये अफगानिस्तानमा १९ जना रहेका छन् भने उक्त मुलुकमा व्यक्तिगत भिसामा १ सय ८ जना गएका छन् । बहराईनमा ५ सय ६१ जना गएका छन् । ब्रुनाईमा १२ जना, साइप्रसमा २ सय १४ जना, हंङकङमा ११, जापानमा १५ र जोर्डनमा २ सय ३ जना गएका छन् ।

त्यस्तै, मकाउमा ६, माल्टामा १, मरिससमा दुई, ओमनमा २ सय २५, पानामामा १२, पोर्चुगलमा दुई, रोमानियामा १ सय ३६ जना, टर्कीमा ३४ जना गएका छन् । माघमा करिव ४७ हजार नयाँ कामदारको पूर्व स्वीकृति निस्केको छ भने ४९ हजार १ सय ५८ जनाले वैदेशिक रोजगारीमा जान म्यादी बीमा गरेका छन् ।

वैदेशिक रोजगारीमा गएकामध्ये आधाभन्दा बढी कामदार अदक्ष देखिन्छन् । गएका कुल ४८ हजार ६ सय ७४ मध्ये ५ जनामात्र उच्च दक्ष, ४२ जना व्यवसायिक, ४ हजार ४ सय ९१ उच्च दक्ष र १६ हजार ७ सय १९ दक्ष कामदार रहेको विभागको भनाइ छ । अदक्ष कामदारको संख्या २७ हजार ४ सय १७ रहेको छ ।

## साउदीमा रोजगार

कम्पनी: THE FIRST TRAILER COMPANY FOR INDUSTRY IA A ONE PERSON COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७६/१०/१९ | चलानी नं.: ६०१५१००४ | L.T. No.: 231651 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 12 | 0 | सा. कामगर्न दक्ष | 1000 | ३०,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १४, १५, १६ र १७ गते (26, 27, 28 & 29 Feb.) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683, 4114542, 9851170598
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Accountant-1 Female
Receptionist - 1 Female
तलब आपसी सहमतिमा

+2 Pass अंग्रेजी भाषा राम्रो सँग बोल्न र लेख्न जानेका र कम्प्युटर सम्बन्धी ज्ञान हुनु पर्नेछ । मेनपावर क्षेत्रमा २ बर्षको अनुभव भएको हुनुपर्नेछ ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Pingalasthan, Gaushal, Kathmandu, Tel : 01--4442876, 4438339
Mob.: 9845096481, 98511599210, Email: chandrakamna05gmail.com
Gov. Lic. No.: 1405/074/075

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Accountant-2 Male/female
Reception-1 Female
Office Boy Runner Need Bike Licence-1
PRO Male-2 Male
Kitchen Helper-1 Female
तलब आपसी सहमतिमा

सम्वन्धित काममा २ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।

**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: +977-1-4469912, 4469913
9802010315, 9801025319, Email :- aashinoverseas34@gmail.com

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Office Boy-2 Male
+2 Pass ,अंग्रेजी भाषा राम्रो सँग बोल्न र लेख्न जानेका र कम्प्युटर सम्बन्धी ज्ञान हुनु पर्नेछ ।
तलब आपसी सहमतिमा

**पाल्ही ओभरसिज प्रा. लि.**
जि.पि.ओ. बक्स: ९७८०, लौसाल अन्नपूर्णमार्ग,वष्पलकारखाना, काठमाडौं
फोन: ०१-४०१५७९२, ४०१५६५५, ९८०१२१२६०१
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

## Malaysia मा रोजगारको अवसर

कम्पनी: FELDA TECHNOPLANT SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/०६ | चलानी नं.: ६०१५१९८७ | LT. No.: 233520

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Plantation) | 200 | 0 | सा. कामगर्न दक्ष | 1200 | ३२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १४ गते (26 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बिटा ईन्टरनेशनल म्यानपावर प्रा. लि.**
पो.ब.नं. १३३२७, महाराजगंज, काठमाडौं, फोन: ४७२०९२२, ४७२१९२४
Email: betaintl2001@gmail.com
"The company committed to people"
श्रम इजाजत नं. ३४१/०५८/०५९

# राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरूपमा मनाइँदै



**काठमाडौं/मस-** एक सय चार वर्षको जहाँनियाँ राणाशासन अन्त्य भई देशमा प्रजातन्त्र बहाली भएको दिन फागुन ७ को स्मरणमा आज ७० औं प्रजातन्त्र दिवस देशभर विविध कार्यक्रम गरी मनाइँदैछ । जनक्रान्तिका माध्यमबाट राणाशासन अन्त्य गरी देशमा प्रजातन्त्र घोषणा भएको यस दिनको गौरवलाई सम्मान गर्दै सरकारले फागुन ७ गते औपचारिक समारोहका साथ दिवस मनाउँदै आएको छ । प्रजातन्त्रकै जगमा लोकतन्त्र हुँदै मुलुकमा अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको छ।

प्रजातन्त्र स्थापनाका लागि भएको संघर्षमा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठले विसं १९९७ माघमा बलिदानी दिएका थिए। प्रजापरिषद् नामक राजनीतिक दल भूमिगत रूपमा स्थापना गरी प्रजातन्त्र स्थापनाका लागि जनतामा जागरण ल्याएको अभियोगमा उनीहरूलाई तत्कालीन राणा शासकले मृत्युदण्ड दिएको थियो । नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको २००६ सालमा एकीकरणपछि बनेको नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइरालाको नेतृत्वमा भएको सशस्त्र र निर्णायक आन्दोलनले नेपालमा २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना गरेको थियो । जहाँनियाँ राणा शासनविरुद्ध जनताले आन्दोलन गरी रगत बगाएपछि राणा शासक जनतासमक्ष घुँडा टेक्न बाध्य भई प्रजातन्त्र स्थापना भएको घोषणा गरियो ।

तत्कालीन राजा त्रिभुवनको घोषणापछि राणा र कांग्रेस सम्मिलित सरकार गठन भई नेपालमा प्रजातान्त्रिक शासनकालको सूत्रपात भयो । फागुन ७ मा प्रजातन्त्र स्थापना भएको सम्झनामा सरकारले केन्द्रमा प्रत्येक वर्ष राजधानीको टुँडिखेलमा औपचारिक कार्यक्रमको आयोजना गरी विशेषरूपमा यो दिवस मनाउँदै आएको छ । सबै जिल्लामा पनि यो दिवस मनाइँदै आएको छ।

७०औं दिवस मूलसमारोह समितिका अध्यक्ष प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा भएको बैठकले दिवस मनाउन विभिन्न उपसमितिसमेत गठन गरेको छ । दिवस भव्यरुपमा मनाउन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाको संयोजकत्वमा प्रचारप्रसार, काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यको संयोजकत्वमा मञ्च सजावट तथा व्यवस्थापन र काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालको संयोजकत्वमा चौर, कवाज, ब्यायाम व्यवस्थापन समन्वय उपसमिति गठन गरिएको छ ।

आज राष्ट्रपति विद्यादेवी भण्डारीकै उपस्थितिमा सैनिकमञ्च टुँडिखेलमा विशेष समारोह आयोजना हुँदैछ। समारोहमा नेपाली सेनाद्वारा तोप र बन्दुकको बढाइँ गरिने छ भने प्रजातन्त्रका लागि जीवन उत्सर्ग गर्ने ज्ञातअज्ञात शहीदप्रति प्रार्थना र स्मरण गरिने छ ।

यस्तै नेपाली सेनाको हेलिकप्टरबाट पुष्पवृष्टि गरिने गृह मन्त्रालयले जनाएको छ । यस्तै फागुन ६, ७ र ८ गते घर-घरमा साँझ दीपावली गर्न तथा विद्यालय, संघ संस्था, पालिका र प्रदेशमा पनि दिवस मनाउन सरकारले आग्रह गरेको छ । विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्य दूतावासलेसमेत तीनै दिन विभिन्न कार्यक्रम गरी दिवस मनाउने सरकारले जनाएको छ ।

यस्तै काठमाडौं उपत्यका बाहिरका प्रदेश राजधानी र जिल्लामासमेत विभिन्न कार्यक्रम गरी दिवस मनाइने छ । प्रदेशमा प्रदेश प्रमुखको नेतृत्वमा प्रदेशस्तरीय समिति र जिल्लामा जिल्ला समन्वय समितिका प्रमुखको नेतृत्वमा समिति गठन गरी दिवस मनाइने छ ।

# मतदाता शिक्षा अभियान प्रारम्भ



**काठमाडौं/मस-** निर्वाचन आयोग नेपालले 'लोकतन्त्रको सवलता, निर्वाचन शिक्षाको व्यापकता' भन्ने नाराका साथ मतदाता शिक्षा अभियान प्रारम्भ गरेको छ । आगामी निर्वाचनमा मतदाता सहभागिता बढाउन, बदर मत घटाउन, निर्वाचनको महत्व बुझाउन र आफुले इच्छाएको उम्मेदवारलाई मत दिन सक्षम बनाउने उद्देश्ले चौथो निर्वाचन दिवसका अवशरमा अभियान सुरु गरिएको हो ।

आयोगले मंगलबार निर्वाचन शिक्षा सम्बन्धि स्रोत पुस्तिका समेत सार्वजनिक गरेको छ । युएनडिपी इएसपीको सहयोगमा १७ प्रकारका निर्वाचन शिक्षा सम्बन्धि पुस्तिका सार्वजनिक गरिएको हो। समुदायमा आधारित संघ–संस्था मार्फत निर्वाचन तथा मतदाता शिक्षालाई अगाडी बढाउन पहिलो तहका लागि रातो रंगमा मतदान, मतदाता नामावली, लोकतन्त्र, समावेदशीता र निर्वाचन गरी पाँच वटा पुस्तक प्रकाशन गरिएको छ ।

त्यसैगरी दोस्रो तहका लागि प्याजी रंगमा ६ वटा पुस्तक प्रकाशन गरिएको छ । निर्वाचनको महत्व, मतदानको महत्व, मतदाता नामावलीमा नाम दर्ता, निर्वाचन र राजनीतिक दल, समावेशी निर्वाचन, परिवर्तन र निर्वाचन सम्बन्धि संवैधानिक व्यवस्था शीर्षकमा पुस्तक प्रकाशित गरिएको छ ।

यस्तै तेस्रो तहमा निलो रंगमा ६ वटा पुस्तकहरु निर्वाचन विवाद र विवाद निरुपण, निर्वाचन र सामुदायिक संस्थाको भूमिका, नेपालको निर्वाचन प्रणाली, निर्वाचन र निर्वाचन चक्र, लोकतन्त्रका लागि निर्वाचन र समावेशीकरण शीर्षकका पुस्तिका प्रकाशन गरिएको छ । प्रकाशित पुस्तिकाहरुले निर्वाचन र नागरिक शिक्षामा क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले बताए । निर्वाचन शिक्षा र निर्वाचनको महत्व आम नागरिकलाई बुझाउन नसकिएको भन्दै आलोचना भइरहेका बेला पुस्तिकाहरु प्रकाशित गरिएको उनले बताए ।

आयोगले निर्वाचन र मतदाता सम्बन्धी विषयमा जानकारी गराउन र आफ्नो मताधिकार र मतको महत्व बोध गराई निर्वाचनमा आफ्नो सहभागिता जनाउन 'एक भोट' नामक लघु चलचित्रको निर्माण गरी प्रशर्दन पनि थालेको छ । लघु चलचित्रले निर्वाचनका समयमा हुनसक्ने अवाञ्छित कृयाकलापहरुबाट निर्वाचनलाई के कसरी प्रभावित गर्न सक्दछ र त्यसबाट सजग र सचेत कसरी रहने भन्ने सन्देश प्रदान गर्ने उनले बताए।

# बेपत्ताको सम्पत्ति रोकिए आयोगमा सम्पर्क गर्न आग्रह



**काठमाडौं/मस-** बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले द्वन्द्वकालमा बेपत्ता भएका कारण सम्पत्ति रोकिएको भए आयोगमा सम्पर्क गर्न आग्रह गरेको छ । मंगलबार पत्रकारहरुसँगको कुराकानीमा आयोगका अध्यक्ष युवराज सुवेदीले द्वन्द्वकालमा कुनै व्यक्ति बेपत्ता भएका कारण सम्पत्ति रोकिएको भए आयोगमा सम्पर्क गर्न आग्रह गरेका हुन् ।

सम्पत्ति हस्तान्तरण, अंशबण्डा लगायतका समस्या आएका छन् भने आयोगमा सम्पर्क गरेर समाधान गर्न सकिने उनले बताए । 'आयोगमा सम्पर्क गर्नुहोस् । परिपत्र दिनुपर्ने हो की, पत्र लेख्नुपर्ने हो की, कसैलाई भन्नुपर्ने हो की ? हामी गर्छौं', उनले भने । आयोगले व्यक्ति हेरेर छानविन नगर्ने प्रतिवद्धता जनाउँदै अध्यक्ष सुवेदीले उजुरीकर्ताले दिएको उजुरीको र छानविनको आधारमा निर्णय हुने बताए । ठूला माछालाई छोड्ने र सानालाई समात्ने भन्ने आशंकाहरु नगर्न आग्रह गर्दै उनले भने, 'अनुसन्धानले को ठुलो को सानो भन्छ । हामीले गरेको अनुसन्धानको नतिजा हेरेर तपाईले मुल्यांकन गर्नुहोला ।' आयोगमा २५ सय ६ वटा उजुरीमाथिको अनुसन्धान सुरु भएको छ। आयोगमा परेका उजुरीहरु खोलेको र अनुसन्धान अधिकृत तोकेर रोल्पामा टोली पठाउने तयारी भएको आयोगले जनाएको छ । आयोगका अध्यक्ष सुवेदीले वेपत्ता भएको भनि उजुरी परेका केही व्यक्तिहरु सम्पर्कमा आएको बताए। आयोगको सम्पर्कमा आएका व्यक्तिहरुको नाम केही दिनमा नै सार्वजनिक गरिने उनले बताए । आयोगका अध्यक्ष सुवेदीले ऐन संशोधनको तयारी सुरु भएको बताए । उनले पीडितको सहमतिमा क्षमादान दिन सक्ने गरी कानूनी व्यवस्था गर्न सरकारलाई १४ बुँदे सुझाव दिइएको बताए ।

# बलात्कारको अभियोगमा एक पक्राउ

**रुपन्देही/मस-** रुपन्देहीको मर्चवारमा बालिकामाथि भएको सामूहिक बलात्कारको घटना सेलाउन नपाउँदै बुटवलमा एक महिलामाथि बलात्कार भएको छ। गए राति १:३० बजे घरमा कोही नभएको मौका पारी बुटवलकी महिलालाई बलात्कार गरेको आरोपमा स्थानीयवासी १९ वर्षीय रामकिसुन थारुलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

मंगलबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले पीडितको किटानी जाहेरीको आधारमा थारुलाई पक्राउ गरी कानूनी कारवाही प्रक्रिया अगाडि बढाएको बताए ।

रुपन्देहीको सम्मरीमाई गाउँपालिकामा १६ वर्षीया किशोरीमाथि आइतबार राति सामूहिक बलात्कार भएको थियो । सम्मरीमाई गाउँपालिका-३ स्थित गाउँमा महायज्ञ चलिरहेको बेला आफ्नै घरभित्र रहेकी बालीकालाई घर बाहिर बोलाएर नजिकै निर्माणाधीन अवस्थामा रहेको भवनमा लगेर तीन युवकले बलात्कार गरेको रुपन्देही प्रहरीले जनाएको छ । पीडितका आफन्तले सोमबार बिहान इलाका प्रहरी कार्यालय मर्चवारमा पुगेर जाहेरी दिएपछि घटना बाहिर आएको थियो । बालिकाको भैरहवास्थित भीम अस्पतालमा उपचार भइरहेको छ ।

# अर्काको घरमा ग्रिनेट राख्ने पूर्व सैनिक पक्राउ

**काठमाडौं/मस-** अर्काको घरमा 'प्याष्टिक ह्याण्ड ग्रिनेट' राख्ने एक जना पूर्व सैनिकलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । महानगरीय अपराध नियन्त्रण महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सहकुलबहादुर थापाका अनुसार ललितपुरको गोदावरी नगरपालिका- ५ लेलेबाट नेपाली सेनाका पूर्व हबल्दार राजकुमार सार्कीलाई पक्राउ गरिएको हो । स्थानीय सुकराम मिजारको घरमा ग्रिनेट फेला परेपछि प्रहरीले गरेको अनुसन्धानका क्रममा सार्कीले राखेको पत्ता लागेपछि पक्राउ गरिएको जनाइएको छ। ग्रिनेट राख्नुको कारण भने खुलेको छैन। घटनाको विषयमा ललितपुर प्रहरीले अनुसन्धान गरिरहेको छ । उक्त ग्रिनेटलाई नेपाली सेनाको बम निष्क्रिय टोलीले निष्क्रिय पारेको छ ।

# विस्फोटक पदार्थसहित पाँच जना समातिए

**खाँदबारी/मस-** विस्फोटक पदार्थसहित प्रहरीले नेत्रविक्रम चन्द समूहका पाँच जना कार्यकर्तालाई चैनपुर नगरपालिका-१ गुफापोखरीबाट मंगलबार पक्राउ गरेको छ । सो समूहका जिल्ला सदस्य चैनपुर-४ दोभानेका 'अग्नि' भन्ने सन्तोष तामाङसहित पाँचजनालाई पक्राउ गरेको प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिए ।

शङ्कास्पद रुपमा हिँडिरहेको देखेपछि प्रहरीले सोधपुछ गर्दा प्रहरी टोलीमाथि आक्रमण गरेपछि प्रहरीले एक राउन्ड हवाई फायर गरेर उनीहरुलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। उनीहरुको साथबाट प्रहरीले रेडबुल बम एक, सकेट बम एक थान, विस्फोटनमा प्रयोग हुने सेफ्टी फ्युज तथा तारलगायत मोबाइल तथा विभिन्न कागजात बरामद गरेको बताइएको छ। पक्राउ परेका अन्य चारजनाको नाम भने प्रहरीले खुलाएको छैन। माघ २ गते पक्राउ परेका उनीहरुलाई प्रहरीले माघ ६ गतेमात्र सार्वजनिक गरेको छ ।

# सैनिक ऐन सम्बन्धी विधेयक प्रतिनिधिसभामा पेश



**काठमाडौं/मस-** सैनिक ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभामा पेश भएको छ । मंगलबारको प्रतिनिधिसभा बैठकमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले सैनिक ऐन २०६३ लाई संशोधन गर्न बनेको सैनिक (पहिलो संशोधन) विधेयक २०७६ पेश गरेका हुन् ।

संसदमा दर्ता भएसँगै विवादित बनेको विधेयक रक्षामन्त्री पोखरेलले मंगलबार संसदमा पेश गरेका हुन्। विधेयक संसदमा दर्ता गर्दै रक्षामन्त्री पोखरेलले भावी सुरक्षा चुनौतीको सामना गर्नका लागि सेनामा छुट्टै गुप्तचरी संयन्त्रको आवश्यकता रहेको बताएका छन्। शान्ति, द्वन्द्व र युद्धकालिन अवस्थामा नेपाली सेनाले आफ्नो जिम्मेवारी प्रभावकारी ढंगबाट बहन गर्न र भावी सुरक्षा चुनौतीको प्रभावकारी रुपमा सामना गर्न संशोधन विधेयक ल्याइएको उनले बताए ।

प्रतिनिधिसभामा विधेयक पेश गर्दै रक्षामन्त्री पोखरेलले भने, 'शान्ति, द्वन्द्व र युद्धकालिन अवस्थामा नेपाली सेनाले आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा बहन गर्न र भावी सुरक्षा चुनौतीको प्रभावकारी रुपमा सामना गर्न सैनिक इन्टेलिजेन्सलाई समय सापेक्ष आधुनिकिकरण गरी थप प्रभावकारी बनाउन आवश्यक छ ।'

अहिले नेपाल सरकारको आफ्नै गुप्तचरी संयन्त्र राष्ट्रिय अनुसन्धान विभाग छ । यसका अलावा नेपाल प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सशस्त्र प्रहरी बलले राजनीतिक र आपराधिक कृयाकलापका सूचना संकलनका लागि गुप्तचरी संयन्त्र प्रयोग गर्दै आएका छन् । यी संयन्त्रहरु हुँदाहुँदै नेपाली सेनाले पनि आफ्नो गुप्तचरी संयन्त्र निर्माण गर्दा काममा दोहोपना आउने, समाजमा त्रास फैलिने, सूचना चुहावट हुन सक्ने भन्दै विश्लेषकहरुले सेनालाई गुप्तचरी संयन्त्र चलाउन दिन नहुने भन्दै विरोध गर्दै आएका छन् ।

सैनिक ऐन संशोधन गर्न ल्याइएको विधेयकमा संशोधनमा इण्टेलिजेन्स सेवा गठन र सञ्चालन सम्बन्धि विषय उल्लेख छ । इन्टेलिजेन्समा खर्च भएको रकम, रिभल्भिङ फण्डबाट खर्च भएको रकम र भैपरि आउने काम लागि खर्च भएको रहमको मिन्हा सम्बन्धि ऐनमा व्यवस्था गर्न संशोधन विधेयक ल्याइएको सरकारले तर्क गरेको छ। 'इण्टेलिजेन्स सेवा गठन तथा सञ्चालन सम्बन्धि विषय तथा इन्टेलिजेन्स काममा खर्च भएको रकम, रिभल्भिङ फण्डबाट खर्च भएको रकम र भैपरि आउने कामको लागि भएको खर्च रकम मिन्हा सम्बन्धी विषय', संशोधन विधेयकमा उल्लेख गरिएको छ ।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाइन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Bal Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

Get your skill for your future carrier



✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✓ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाईं सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute

Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

### प्रजातन्त्रको ७० वर्ष

निरंकुश जहानीय राणा शासनको कठोर कालरात्रि तोड्दै रैतीबाट जनता प्रजा बनेको ७० वर्ष पुगेको छ । २००७ सालको प्रजातन्त्रले राणा शासनको अन्त्य गर्दै संवैधानिक राजतन्त्र सहितको प्रजातन्त्र स्थापना भएको सम्झनामा हरेक वर्ष फागुन ७ गते विशेष उत्सव मनाइदै आएको छ । यस वर्ष पनि संघीय सरकारको मन्त्रिपरिषदले निर्णय गरी ७५३ वटै स्थानीय सरकार र प्रदेश सरकारले समेत विशेष उत्सवको आयोजना गर्दैछ । संघ, प्रदेश र स्थानीय गरी ७६१ वटा सरकारले प्रजातन्त्र दिवस मनाउने तालिका तय भएको छ ।

प्रजातन्त्र स्थापना दिवसको अवसरमा राष्ट्रिय झण्डा फहराउने, ब्यानर सहित प्रभातफेरी, सांस्कृतिक झाँकी प्रदर्शन लगायत कार्यक्रम देशभर तय भएको छ । उत्सव झल्कने गतिविधि गरी सरकारले प्रजातन्त्र दिवस मनाइरहँदा नेपाली सेनाले राजधानी उपत्यकामा विशेष कार्यक्रमको आयोजना गरेको छ । अर्थात्, सरकारले ७० वर्षे यो दिवस अनुभूति हुनेगरी मनाउने तयारी गरेको छ । राजालाई खोपीमा राखेर गरिएको राणा परिवारको निरंकुश शासन विरूद्ध जनताले विद्रोह गरी जनताको अधिकार स्थापित भएको पहिलो ऐतिहासिक घटनाको सम्झना अविछिन्न रूपमा मनाइदै आएकाले यो वर्ष पनि निरन्तरता दिइएको छ । गएको माघ २६ गते नै दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र गंगालाल श्रेष्ठको सम्झना गर्दै शहीद दिवस मनाइसकिएको छ ।

तर, तिनै शहीदले दिएको प्राणको आहुती र नेपाली काँग्रेस नेतृत्वको राजनीतिक मोर्चाले गरेको संघर्षबाट राणाशासनको अन्त्य भएको थियो । कम्युनिष्ट पार्टीको पनि उतिकै ठूलो योगदान छ, प्रजातन्त्र स्थापनामा । काँग्रेस, कम्युनिष्ट र प्रजा परिषदका संयुक्त संघर्ष स्वरूप २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना भएको थियो । त्यस यता नेपाली राजनीतिले ठूलै उतार–चढाव बेहोरेको छ । खोपीको राजालाई २००७ पछि संवैधानिक श्रीपेज लगाउँदा फेरि जनताको राजनैतिक अधिकार खोस्नेगरी पञ्चायत शासन स्थापित हुन पुग्यो । २०१५ को पहिलो आम निर्वाचनबाट गठित जननिर्वाचित सरकार अपदस्त हुन पुग्यो । फेरि ३० वर्षे पञ्चायत चल्यो । २०४६ मा जनआन्दोलन मार्फत् फेरि प्रजातन्त्र स्थापना भयो, फेरि २०५९ मा आएर शाही 'कू' लादियो । माओवादी जनयुद्ध, २०६२/०६३ को दोस्रो जनआन्दोलन, मधेश आन्दोलन र मधेश आन्दोलन सँगै मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । अतः यो ७० वर्षमा जनता रैतीबाट सार्वभौम सम्पन्न गणमा रूपान्तरित भएका छन् । मुलुकमा परिवर्तनकारी शक्ति नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको शक्तिशाली सरकार कायम छ । तर, फेरि पनि संविधानमा प्रदत्त अधिकारबाट नागरिक कति अधिकार सम्पन्न भएका छन् त ? राजनीतिक विश्लेषकहरूको निष्कर्ष हुन्छ– कुनै पनि व्यवस्थाको आयु स्वयम् उसले अख्तियार गर्ने नीतिमा भर पर्छ । आज देशभर मनाइने उत्सवमा शासकीय पंक्तिबाट यसतर्फ उचित ध्यान पुग्न आवश्यक छ ।

## सामाजिक सञ्जाल




न्याय नपाइने मुलुकमा कानुन मन्त्रालय पाइन्छ भने यो देशमा कानुन छैन, समानता छैन भन्न पाइन्छ ?

- कमल परियार




जिल्ला अदालतको एकल वेञ्चले एमसरलाई सफाइ दिएछ । सफाइ दिनुपर्ने उपयुक्त व्याख्या नि गरेकै होलान, फैसला चित्तबुझ्दो छैन, पुनरावेदन गर्नै पर्छ ।

– महेश क्षेत्री



सम्बन्धमा उतारचढाव आउन सक्छ तर जो कोहीले जोश र होस ठेगानमा राख्नुपर्छ भन्ने सन्देशः एम सर र रोशनी म्याम प्रकरणले दिएको छ सार्वजनिक जीवन हुनेको व्यक्तिगत जीवन पनि पारदर्शी हुनुपर्छ नत्र आफ्नैबाट त्यो सार्वजनिक जीवन एक क्षणमै समाप्त हुन्छ भन्ने पनि अर्को सन्देश हो बिर्सन योग्य फर्गेट एस्टर्डे ।

– अस्मिता थापा



पापको पोखरी नफुटुन्जेल त केही हुँदैन, महाशय, जब पापको पोखरी फुट्छ नि त्यतिबेला तिमी लगायत तिम्रा आसेपासे सबैलाई बगाउने छ ।


– कोमल भट्ट

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail.com

# विकासका लागि प्रशासनिक सुधारको अपरिहार्यता



■ के.बी. बस्नेत

> वास्तवमा उपयुक्त योजना तर्जुमा र कार्यान्वयन गर्ने कर्मचारीतन्त्रले हो, जसलाई स्थायी सरकार पनि भनिन्छ । त्यसैले यहाँको सर्वतोमुखी विकासका लागि कर्मचारीतन्त्रको धेरै महत्व छ । तर दुःखको कुरा त के छ भने आजकाल जुनसुकै सरकारी कार्यालयमा पनि ढिलासुस्ती एवं भ्रष्टाचार व्याप्त छ ।

विकास एक निरन्तर प्रक्रिया हो । यसलाई तीव्रता दिन प्रशासन चुस्त एवं प्रभावकारी हुनुपर्छ । कुनै पनि देशको सर्वतोमुखी विकासका लागि स्वतन्त्र, निष्पक्ष र तटस्थ प्रशासनयन्त्र अपरिहार्य मानिन्छ । वास्तवमा विभिन्न राजनीतिक अस्थिरताको समयमा कर्मचारीतन्त्रले उल्लेखनीय काम गर्न सक्छ । यसको उदाहरण विगतमा फ्रान्सको कर्मचारीतन्त्रले प्रस्तुत गरेको छ । प्रशासनयन्त्र कुनै पनि राष्ट्रको सम्पत्ति हो । यसमा राजनीतिक हस्तक्षेप भए कुनै पनि क्षेत्रको विकासमा नकारात्मक असर पर्छ । परन्तु यो कुरा सबैले बुझेका छैनन् । नेपालमा प्रजातन्त्रको पुनः स्थापनाको अवधिमा विभिन्न राजनीतिक उतारचढाव भएकाले प्रशासनयन्त्रमा नराम्रो प्रभाव परेको छ । यसलाई यथाशीघ्र नियन्त्रण नगर्ने हो भने यहाँको अवस्था अझ दयनीय हुने सम्भावना छ ।

चुस्त प्रशासनबिना कुनै पनि क्षेत्रको विकासको परिकल्पना गर्न सकिँदैन । सार्वजनिक प्रशासन सुधारको पहिलो प्रयास वि.सं. २००९ मा गठन गरिएको बुच आयोगलाई मान्न सकिन्छ । वि.सं. २०१३ मा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको अध्यक्षतामा अर्को आयोग गठन गरियो । यो आयोगले भदौ २२ गते निजामती सेवा ऐन तथा नियमावलीको व्यवस्था गरेको थियो । यसैको सम्झनामा वि.सं. २०६२ देखि प्रत्येक वर्षको भदौ २२ गते निजामती कर्मचारी दिवसका रूपमा मनाउन थालिएको छ ।

वस्तुतः निजामती सेवा एक महत्वपूर्ण सम्पत्तिको रूपमा अङ्गीकार गरिन्छ । यसलाई बढी सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, व्यवस्थित र सुदृढ बनाउने प्रयासस्वरूप सर्वप्रथम वि.सं. २०१३ सालमा कानुनी व्यवस्था सुरु गरी निजामती सेवा ऐन-२०१३ र निजामती सेवा नियमावली-२०२१, निजामती सेवा ऐन-२०४९ र निजामती सेवा नियमावलीको व्यवस्था गरियो । यति मात्र होइन, प्रशासन सुधारको नाममा विभिन्न आयोग गठन गरिए र प्रतिवेदनहरू प्रकाशित गरिए ।

विगतमा निजामती सेवा नियमावली-२०२१ मा धेरै पटक संशोधन गरियो । प्रजातन्त्र पुनः प्राप्तिपछि निजामती सेवा ऐन-२०४९ र निजामती सेवा नियमावली-२०५० लागू गरिए तापनि निजामती सेवा प्रभावकारी हुन सकेन । यसको मुख्य कारण राजनीतिक क्षेत्रको हस्तक्षेप हो । वास्तवमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा सत्तामा जुनसुकै राजनीतिक दल भए पनि आदेश तथा निर्देशनहरूको पालना गरी ऐननियमको परिधिभित्र रही स्वच्छ प्रशासन सञ्चालन गर्नुपर्ने हुन्छ । राजनीतिक परिवर्तनले प्रशासनिक सङ्गठनमा कुनै असर पार्नु हुँदैन भन्ने विश्वव्यापी मान्यता छ । तर, यहाँ जुनसुकै राजनीतिक दलको सरकार बने पनि प्रशासनयन्त्र स्वच्छ एवम् निष्पक्ष हुन सकेको छैन ।

प्रशासनयन्त्रमा गरिने राजनीतिक हस्तक्षेपको परिपाटीलाई त्यागी मौजुदा राष्ट्रसेवकहरूमा प्रशासनिक कार्यदक्षतामा सुधार ल्याउन उचित कदम चाल्ने, स्वच्छ र निष्पक्ष प्रशासनिक सुव्यवस्था कायम गर्न दृढ सङ्कल्प गर्न सक्ने वातावरणको सिर्जना गर्नतर्फ ध्यान दिनु कुनै पनि प्रजातान्त्रिक सरकारको दायित्व ठहर्छ । वर्तमान समयमा यहाँको प्रशासनिक क्षेत्रमा भ्रष्टाचार व्याप्त भएकाले प्रशासनिक सुधार गर्न कठिन भएको छ । माथिल्लो निकायबाट भ्रष्टाचार नगर्ने प्रतिबद्धता जनाए पनि यो व्यवहारमा उतार्न सकिएको छैन । बरु उक्त निकायबाट मौन स्वीकृति प्रदान गरेजस्तो आभास हुन्छ । उच्च प्रशासकहरूसमेत राजनीतिक नेतृत्वको आदेशपालक बन्ने गरेका छन् । मन्त्री बनेर आउने राजनीतिक नेताले ऐन-नियमविपरीत काम गर्न प्रशासकहरूलाई दबाब दिए पनि उनीहरू यस्तो काम गर्न इन्कार गर्दैनन् ।

भ्रष्टाचार नियन्त्रण गर्ने कुरा जुनसुकै राजनीतिक दलका नेताहरू पनि गर्छन् । तर, सत्तामा पुगेपछि कानुनको वास्ता नगरी उनीहरू नै कर्मचारीहरूको सरुवा तथा बढुवा गर्छन् । विपक्षमा रहँदा विरोधका लागि प्रशासनमा राजनीतीकरण भयो भन्नेहरू आफू सत्तामा पुगेपछि सोही काम गर्न डराउँदैनन् । वास्तवमा आस्थाको आधारमा निजामती नियमावलीको दफा लागू गर्ने, गराउने वृत्ति विकासका अवसरहरू प्रदान गर्ने, सम्बन्धित क्षेत्रको अनुभव नभएका व्यक्तिहरूको नियुक्ति गर्ने र नियम विपरीत सरुवा बढुवाको काम गर्ने परम्परा कायम रहेसम्म निष्पक्ष प्रशासन हुन सक्दैन । स्थायी सरकारका रूपमा रहेको निजामती प्रशासन सक्षम, सबल र सदृढ नबनाएसम्म कुनै पनि क्षेत्रको विकास सम्भव छैन । वास्तवमा यहाँको निजामती प्रशासन सुधारका लागि राजा त्रिभुवनको व्यक्तिगत सहयोगीका रूपमा भारतबाट आएका गोविन्द नारायणदेखि हालका काशीराज दाहालसम्म आइपुग्दा विभिन्न आयोग तथा समितिहरू गठन गरिए । यति मात्र होइन, यस सम्बन्धमा व्यक्तिगत तवरमा विज्ञहरूद्वारा गरिने अध्ययन तथा अनुसन्धानको कमी छैन । परन्तु अझै पनि यहाँको निजामती प्रशासनमा ठोस सुधार हुन सकेको छैन ।

वर्तमान समयमा दण्डहीनताको कारण प्रशासनिक क्षेत्रमा भाँडभैलो देखिन्छ । एकातिर कर्मचारीहरू खटाएको ठाउँमा जान मान्दैनन् भने अर्कातिर उनीहरू जनताको सेवा गर्न पनि तत्पर देखिँदैनन् । यस्ता कर्मचारीहरूलाई कडा कारबाही गर्न नसकेमा प्रशासनिक क्षेत्रको सुधार हुन सक्दैन र विकास कार्यहरूमा नकारात्मक असर पर्छ । हालसम्म पनि यहाँका निजामती कर्मचारीहरूको कार्यशैलीमा खास परिवर्तन देखिँदैन । एकातर्फ उनीहरूको काममा ढिलासुस्ती छ भने अर्कातर्फ उनीहरू विभिन्न राजनीतिक दलमा आबद्ध छन् । यही कारणले आमजनताको उनीहरूप्रति आस्था र विश्वास अझसम्म पनि महसुस हुन सकेको छैन ।

प्रशासनिक क्षेत्रका विद्वान्हरूले कर्मचारी प्रशासनलाई छिटो-छरितो, पारदर्शी एवं जनमुखी बनाउन सही व्यक्तिलाई सही स्थान दिनुपर्ने, नीति निर्माण तहमा पुगेका अनुभवी प्रशासकहरूले राजनीतिक दलको अनुचित प्रभावमा नपरी नीति-नियम बमोजिम प्रशासनयन्त्र चलाउन सक्ने, सरकारको नेतृत्व जुनसुकै दलले गरे पनि प्रशासनमा हस्तक्षेप नगरी राष्ट्रसेवकहरूलाई स्वविवेकले काम गर्न दिनुपर्ने आदि धारणाहरू सार्वजनिक गर्दै आएका छन् । यी धारणाहरू नेपालको प्रशासनमा लागू हुन नसकेकोले यहाँ सबल, निष्पक्ष, र भ्रष्टाररहित प्रशासनयन्त्र सञ्चालन गर्न सकिएको छैन ।

प्रशासनलाई विकासतर्फ अग्रसर गराउन यसलाई एक सबल, निष्पक्ष, पारदर्शी, निर्भीक र जनमुखी प्रशासनका रूपमा विकास गर्न आवश्यक छ । यसका लागि विद्यमान ऐन-कानुन प्रस्ट्याई प्रशासनयन्त्र सञ्चालन गर्ने मुख्य सचिव तथा अन्य सचिवहरूको प्रमुख भूमिका रहने परिप्रेक्ष्यमा उनीहरूबाट निडर भएर विभागीय मन्त्रीको कानुनसम्मत आदेश तथा निर्देशनहरूको पालना गरी एउटा कुशल प्रशासकको हैसियतमा काम गर्न जरुरी छ । यिनै कुरालाई प्रशासनको तल्लो निकायसम्म लागू गरिनुपर्छ । प्रशासनमा राजनीतिक हस्तक्षेप रोक्न प्रशासन तथा राजनीतिक तहबाट छलफलका माध्यमबाट आ-आफ्ना क्षेत्रको जिम्मेवारी बोध र सोको बहन स्वच्छ र हस्तक्षेपरहित तरिकाले गर्ने प्रतिबद्धता हुनुपर्छ । यति मात्र होइन, नीति निर्माण एवम् कार्यान्वयन अथवा राजनीति र प्रशासनबीचको सीमारेखा कोरी यी दुवैको कार्यक्षेत्र प्रस्ट पार्न आवश्यक भएको छ ।

प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट जोगाई निजामती सेवालाई अनुशासित, मर्यादित र उत्पादनमूलक बनाउन उच्च पदहरूमा पदावधि तोकी उक्त पदावधि रहेसम्म आस्थाका आधारमा हेरफेर वा सरुवा नगर्ने, पहिलो संशोधनसहितको निजामती सेवा नियमावलीको संशोधन कुनै पक्ष वा वर्ग विशेषलाई मात्र सुविधाको दृष्टिकोणले नहेरी सबै निजामती कर्मचारीको हितलाई ध्यानमा राखी गर्नुपर्छ ।


हालसम्म पनि कर्मचारीहरूको हकहित तथा पारिश्रमिकलाई सरकारले यथोचित ध्यान दिएको देखिँदैन । त्यसैले उनीहरूमा काम गर्ने जोस र जाँगर देखिँदैन । उनीहरूलाई इमानदार, कर्तव्यनिष्ठ र जाँगरिलो बनाउन उनीहरूको हकहित तथा पारिश्रमिकको सम्बन्धमा हरेक वर्ष पुनरावलोकन गरी आवश्यक व्यवस्था गर्न आवश्यक छ ।

वास्तवमा यहाँको प्रशासनिक क्षेत्रमा सुधार गर्ने हो भने थोरै प्रयासले सम्भव छैन । यसका लागि यहाँ नयाँ अवधारणा, सोच र सिद्धान्त भित्र्याउन आवश्यक छ । योबाहेक वैज्ञानिक र प्रविधियुक्त जनशक्ति विकासका लागि सरकारले विशेष तालिम कार्यक्रम सञ्चालन गर्न उत्तिकै जरुरी छ । विगतमा यहाँ धेरै पटक सरकार अस्थिर बन्यो, जसको कारण यहाँ ठोस विकास हुन सकेन । वर्तमान सरकार स्थिर एवं सबल भएकाले यसले अपेक्षाअनुरूप काम गर्न सक्छ । परन्तु यसका लागि उपयुक्त योजना तर्जुमा तथा कार्यान्वयनको आवश्यकता पर्छ ।

वास्तवमा उपयुक्त योजना तर्जुमा र कार्यान्वयन गर्ने कर्मचारीतन्त्रले हो, जसलाई स्थायी सरकार पनि भनिन्छ । त्यसैले यहाँको सर्वतोमुखी विकासका लागि कर्मचारीतन्त्रको धेरै महत्व छ । तर दुःखको कुरा त के छ भने आजकाल जुनसुकै सरकारी कार्यालयमा पनि ढिलासुस्ती एवं भ्रष्टाचार व्याप्त छ । यी कार्यालयहरूमा जनसाधारणको काम छिटोछरितो गर्ने प्रवृत्ति छैन । कुनै पनि काम छिटो गराउनुपरेमा घूस दिनुपर्ने भएकाले जनता पीडित छन् । त्यसैले मुलुकको सुशासन कायम गरी विकास गर्न कर्मचारीतन्त्रमा सुधार गर्न नितान्त आवश्यक छ । वास्तवमा देश विकासका लागि सधैं परम्परागत सोचले काम गर्दैन । यसका लागि नयाँ सोचको आवश्यकता पर्छ । विकास र प्रशासनबीच गहिरो सम्बन्ध भएकाले यसमा पनि नयाँ सोचको जरुरी छ ।

वर्तमान समयमा नेपालीहरूले सा-सना कुराहरूलाई पनि जीवनसँग जोडेर हेर्ने बेला आएको छ । वास्तवमा भन्ने हो भने राजनीतिक क्रान्तिपछि अब आर्थिक क्रान्तिको विविध पक्षमा सम्बन्धित क्षेत्रका निर्णायकहरूको ध्यान आकृष्ट हुनुपरेको छ । यति मात्र होइन, हाल यहाँ विद्यमान प्रशासनको पनि धरै नै सुधार गर्नुपरेको छ ।

# जलविद्युत्को शेयरमा घट्दो आकर्षण



द्वैपायन रेग्मी

केही समय अगाडि मात्र निष्कासन भएको जलविद्युत्को प्राथमिक शेयरमा करीब ३० प्रतिशत मात्र आवदेन पऱ्यो । ऋणपत्र होस्, या नेपाल बैंक लिमिटेडको १ वर्षअगाडि आएको एफपीओ होस् यी सबैमा आवेदन अपेक्षित मात्रामा पर्न छाडेको छ । मेरो शेयरबाट आवेदन दिन पाउने व्यवस्था आउनुअघि प्राथमिक शेयरको आवेदन दिन घण्टौं लाइन बस्नुपर्थ्यो । बिदा नै लिएर प्राथमिक शेयरको आवेदन दिनेसम्म चलन थियो । चाहे जलविद्युत्को प्राथमिक शेयर होस्, या अन्य कुनै संस्थाको, घण्टौं लाइन नबसी आवेदन हाल्न सम्भव नै थिएन । तर, अहिले शेयर आवेदन दिन निकै सहज भए पनि आवेदन दिनेको संख्या र परिमाण भने घटेको छ । किन प्राथमिक शेयरप्रति लागनीकर्ताको आकर्षण घट्यो त ?

लगानीकर्ता त्यही हुन् र यहीँ छन् । तर, उनीहरूलाई प्राथमिक शेयरप्रति रुचि जाग्दैन । हिजो जस्तो सीमित शहरबाट मात्र आवेदन दिन मिल्ने बाध्यात्मक अवस्था पनि छैन । लगानीकर्ताले मेरो शेयरलाई बैंक खातासँग आबद्ध गराएर संसारको जुनै कुनाबाट आवेदन दिन सक्छन् ।

प्राथमिक शेयरका आकर्षण घटेको देखिनुका कारण जलविद्युत् कम्पनीहरूको अवस्था हो । लोडसेडिङ अन्त्य भएर अहिले नेपाल विद्युत् बेच्न सक्ने हैसियतमा पुग्दै छ । नेप्सेमा सूचीकृत धेरैजसो जलविद्युत् कम्पनीले अहिलेसम्म कुनै लाभांश दिन सकेका छैनन् । कम्पनीहरू घाटामा देखिन्छन् । त्यस्ता शेयरमा रुचि घट्नु स्वाभाविक हो । अझ, १०० रुपैयाँ भन्दा तल रहेका त्यस्ता शेयरहरू देखेर लगानीकर्ताको मनोबल घटेको छ भन्दा फरक नपर्ला । लगानीकर्ता हिजोभन्दा निकै बुझ्ने भइसकेका छन् ।

लगानीबाट कति प्रतिफल आउँछ भन्ने हेरेर मात्रै लगानी गर्न सक्ने भएका छन् । यस्तोमा जलविद्युत्को शेयरप्रति आकर्षित नहुनु स्वाभाविक हो । १ सय रुपैयाँमा किनेको शेयर अहिले त्योभन्दा निकै सस्तोमा दोस्रो बजारमा किन्न पाइन्छ । १८०० बिन्दुभन्दा माथि पुगेको नेप्से परिसूचक आज १२०० भन्दा मुनि पुगी फेरि माथि उक्लने क्रममा छ । अहिले बजार बढेको देखिन्छ तर पुराना लगानीकर्ता अझै घाटामा छन् । दोस्रो बजारमा घटेको उत्साहले प्राथमिक बजारमा पनि केही मात्रामा असर पारेको हुन सक्छ ।

अहिले ऋणपत्र खरीदमा पनि त्यति चाप देखिँदैन यद्यपि विक्री गर्न राखिएका सबै ऋणपत्र बिकिरहेका छन् । ऋणपत्रको ब्याजदरकै हाराहारीमा मुद्दती निक्षेपमा बचतकर्ताले ब्याज पाइरहेका छन् । यस्तोमा शेयरबजार धेरै माथि जान्छ भन्ने विश्वास लगानीकर्ताले लिएको पाइँदैन । अझ अहिले निष्कासन भइरहेका प्राथमिक शेयर कि जलविद्युत् कि त लघुवित्त कम्पनीका मात्र देखिन्छन् । जलविद्युत्को शेयरको मूल्य घट्ने र लघुवित्तको सीमित शेयर हुने हुँदा नपर्ने बढी सम्भावना रहेको स्पष्ट देखिन्छ ।

शेयर आवेदन घट्नुको प्रमुख कारण दशकित्ते नीति हो । चाहे १० कित्ता भर्नुहोस्, या १००० कित्ता, लघुवित्तको पर्ने मात्रा सीमित हुने गर्छ । यसले गर्दा, प्राथमिक शेयर साना लगानीकर्ताका लागि मात्रै लक्षित रहेको बुझाइ बजारमा देखिन्छ । अलि ठूला कम्पनीको प्राथमिक शेयर निष्कासन हुँदा पनि सम्भावित आवदेश संख्याको हिसाब गरेर मात्रै लगानी गर्ने गरिएको छ । धेरै भर्नेलाई धेरै शेयर नपर्ने भएकाले न्यूनतम जति शेयर पर्न सक्छ त्यति नै आवेदन पर्न थालेको छ । उत्पादनमूलक कम्पनीको शेयरबजारमा खासै आएको छैन । शिवम् सिमेन्टले प्रिमियम राखी महँगो मूल्यमा प्राथमिक शेयर जारी गर्यो । डिसहोमदेखि नेपाल आयल निगमसम्मको प्राथमिक शेयर आउने चर्चा चले पनि नतीजा स्पष्ट देखिएको छैन । बजारमा नयाँ आउने शेयर भनेको जलविद्युत् र लघुवित्तको मात्रै देखिन्छ । बीमा, उत्पादनमूलक संस्था, सेवाप्रदायक संस्थाहरूको प्राथमिक शेयरबजारमा देखिएको खण्डमा प्राथमिक शेयरमा उत्साहपूर्ण सहभागिता देखिन सक्छ ।

शेयर बजारप्रति सरकार त्यति सकारात्मक नदेखिएका कारण वर्तमान सरकारमाथि लगानीकर्ताले विश्वास गर्न नसकेको देखिन्छ । अहिले करको दायरामा कडाइ गरिएको छ । सामान्य कर्मचारीमाथि पनि करको भारी बढेको देखिन्छ । करका कारण उनीहरूको वास्तविक आम्दानी घटाएको हुन्छ । आम्दानी पर्याप्त हुँदा बचत हुन्छ र त्यो बचत शेयरबजारमा लगानी हुन सक्छ । तर, बचत नै कम भएको अवस्थामा त्यस्तो लगानी कम हुनु स्वाभाविक हो ।

प्राथमिक शेयरमा रुचि घटेको जस्तो देखिनुको अर्को कारण ज्ञानको अभाव पनि हुन सक्छ । शेयरबजार चम्किएका बेला आवेदन गर्नेहरू प्रशस्त हुने र बजार ओरालो लागेका बेला प्राथमिक शेयरमा समेत वास्ता नगर्ने गरेको त विगतका प्रवृत्तिले पनि देखाउँछ । वित्तीय साक्षरता अभियानबाट वित्तीय ज्ञान दिन सके बचत बढ्न सक्छ र त्यसबाट लगानी पनि बढ्न सक्छ । शेयरबजार त्यस्तो ठाउँ हो जहाँ घरजग्गा जस्तो ठूलो रकम आवश्यक पर्दैन, सानो रकम पनि लगानी गर्न सम्भव हुन्छ ।

अन्त्यमा, शेयरबजारमा रहेको प्राविधिक कठिनताले गर्दा पनि शेयरमा अपेक्षित भीड नबढेको हो भन्न सकिन्छ । भर्खर मात्र परिमार्जित मेरो शेयरमार्फत नेपालको जुनसुकै ठाउँबाट किनबेच गर्न सकिन्छ । तर, त्यसको निमित्त दलालकोमा गएर खाता खोल्नुपर्ने हुन्छ । ताप्लेजुङको हाङपाङबाट त्यो निकै गाह्रो पर्छ ।

लगानीकर्ताले प्राथमिक शेयर किन्न त सक्छन् तर विक्री गर्न भने अझै झन्झट छ । खाता नखोली ब्रोकरले बिक्री गरिदिँदैन । र, खाता खोल्न शहर नै धाउनुपर्छ । खाता खोली सकेको अवस्थामा पनि फोनबाट विक्री गर्न अनुरोध गर्न सक्छन् तर दलालहरूले सामान्य लगानीकर्ताको त्यस्तो अनुरोधबाट विक्री गरिदिँदैनन् । मेरो शेयरबाट शेयर ट्रान्सफर पनि गर्न सक्छन् । तर, त्यसका लागि पनि केही प्राविधिक ज्ञान भने आवश्यक हुन्छ । त्यसले गर्दा इच्छा भएर पनि शेयरमा आवेदन दिन गाह्रो मानेको पाइन्छ । समयसँग आउने सुधारले यस विषयको समाधान त निकाल्छ होला । तर, पनि शेयरबजारप्रति आकर्षण बढाउने सरोकारवालाहरूले विशेष कार्यक्रम सञ्चालन गर्न ढिला गर्नु हुँदैन ।

# राष्ट्रपतिद्वारा प्रदेश २ सरकारको प्रशंसा



**रौतहट/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले रौतहटको मौलापुर स्थित पुरातात्तिवक पतौरा महादेव मन्दीरमा मंगलवार पुजा अर्चना गरेकी छन् । ११ औं शताब्दी अघि कर्णाटकालिन शासन कालमा निर्माण गरिएको शिव मन्दिर उत्खननको क्रममा निस्केको र सयौं वर्ष पुरानो मन्दिर भेटिँदा सोको संरक्षण एवं सम्वर्द्धन गर्न आयोजना गरिएको मधानी महायज्ञको उद्घाटनका लागी राष्ट्रपति भण्डारी रौतहट आएकी हुन् ।

पशुपतिनाथ मन्दिरको मुल भटद्वारा मन्त्र उच्चारण गर्दै राष्ट्रपति भण्डारीले विषेश पुजा गरिन् । पुजा अर्चना पश्चात मधानी महायज्ञको उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले भ्रमण वर्षको सन्दर्भ पारेर सास्कृतिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य राखेर मौलापुर नगरपालिकालले मधानी महायज्ञ गरेको भन्दै खुसी व्यक्त गरिन् । उद्घाटन पश्चात सम्बोधन गर्दै उनले ऐतिहासिक मौलिक परम्परालाई महायज्ञले थप उजागर गरेको बताइन् ।

राष्ट्रपति भण्डारीले प्राचिनकालिन शिव मन्दिरलाई व्यवस्थित बनाएर धार्मिक पर्यटन प्रवर्द्धनलाई बढावा दिनुपर्नेमा जोड दिइन् । सरकारको महत्व र गौरवको योजनामा काठमाडौं द्रुत मार्ग र नीजगढ अन्तर्राष्ट्रिय विमानस्थल रहेका छ । ताल तलैयाको संरक्षण नहुनु, बढ्दो बन विनाश र प्राकृतिक दोहन लगायत जलवायु परिवर्तनका कारण वर्षेनी धनजनको क्षति हुने गरेको प्रति दुख व्यक्त गर्दै उनले चुरे संरक्षण र तटबन्धको कार्यमा सरकारले जोड दिएको बताइन् ।

प्रदेश नम्वर २ का सरकारबाट लागु गरिएको 'बेटी बचाउ, बेटी पढाउ' कार्यक्रमको सराहना गर्दै राष्ट्रपति भण्डारीले यस्ता अभियानबाट कुनैपनि छोरीहरु निरक्षर नहुने तथा उनीहरु आफनो आत्मसम्मानका साथै आफनै खुट्टामा उभिने सक्ने क्षमतावान बन्ने बताइन् ।

तराई मधेशको मेरुदण्ड मानिएका हुलाकी सडक परियोजनालाई ग्राहता दिएर द्रुत गतिमा कार्य अगाडि बढाएकोमा राष्ट्रपति भण्डारीले प्रदेश २ सरकारको प्रशंसा गरिन् । गरिव विपन्न एवं दलित वर्गहरुलाई लक्षित गरेर संचालनमा रहेका जनता आवास कार्यक्रम अपेक्षा अनुसार गति नलिएकोप्रति चिन्ता व्यक्त गर्दै उनले उक्त कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय, प्रादेशिय र केन्द्रीय सरकारबाट समुचित रुपमा पहल गर्नुपर्ने बताइन् ।

कार्यक्रममा प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउत, मुख्य सचिव विनय परियार, सांसद तथा नेकपा प्रदेश २ का अध्यक्ष प्रभु साह, मौलापुर नपाका मेयर रिनाकुमारी साह सहितको उपथिति रहेको थियो ।

तीन दिन सम्म चल्ने मधानी महायज्ञमा ३ लाख श्रद्धालु भक्तजनहरु दर्शन गर्ने अनुमान गरिएको छ । महायज्ञलाई भव्य बनाउन नेपाली कलाकार निखिल उप्रेति, केकी अधिकारी, भारतीय कलाकार दिनेशलाल यादव (निर हुआ), अम्रपाली दुवे, लगायत दर्जनौ नेपाली तथा भारतीय कलाकार हरुको प्रस्तुति रहने छ ।

# लागूऔषधसहित सात जना नियन्त्रणमा



**रुकुम/मस-** रुकुम पश्चिममा अवैध लागुऔषध र ट्याबलेटसहित सात पक्राउ परेका छन् । पक्राउ परेका सातमध्ये पाँच जनासँग अवैध चरेश र दुई जनासँग लागुऔषध ट्याबलेट फेला परेको प्रहरी नायब उपरीक्षक ठगबहादुर केसीले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले मंगलबार पत्रकार सम्मेलन गरी लागुऔषध चरेश र ट्याबलेट कारोवारीलाई एकैसाथ सार्वजनिक गरेको हो । पक्राउ पर्नेमा आठबिसकोट नगरपालिका-११ का २८ वर्षीय विमलकुमार शाही र सानीभेरी गाउँपालिका-४ का बलबहादुर चन्द रहेका छन् । त्यस्तै बाँफीकोट गाउँपालिका-८ का २३ वर्षीय लक्ष्मण केसी र सोही गाउँपालिका-५ का ३१ वर्षीय महेन्द्रकुमार केसी रहेको प्रहरीको भनाइ छ । प्रहरी नायब उपरीक्षक केसीका अनुसार गएको माघ २४ गते बिहान ४ बजे आठबिसकोट नगरपालिका-१४ छेपारेमा अवैधरुपमा लुकाइछिपाइ राखेको स्थानबाट चारलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका चारैबाट २७५ ग्राम परिमाणको खैरो रङको सेलेदार चरेश, अफिमजस्तो देखिने ३० ग्राम कालो अर्ध ठोस पदार्थ र १३ किलोग्राम खैरो रङको अर्ध ठोस पदार्थ बरामद गरिएको बताइएको छ । पक्राउ परेका चारैलाई रुकुम जिल्ला अदालतबाट पहिलोपटक म्याद थप भई अनुसन्धान कार्य भइरहेको प्रहरीले बताएको छ ।

त्यस्तै जिल्लाको मुसिकोट नगरपालिका-१ घ्यूखोलाबाट रुकुम पूर्व पुथाउत्तरगङ्गा गाउँपालिका-१० का १९ वर्षीय सिलास बुढालाई आइतबार प्रहरीले पक्राउ गरेको छ । बुढाको साथबाट एक किलोग्राम लागुऔषध चरेश, जनावरको जस्तो देखिने ७०० ग्राम सुकुटी र कस्तुरीको एक थान दाँत फेला परेको प्रहरीले जनाएको छ ।

त्रिवेणी गाउँपालिका-३ झुल्नेटा बजारबाट मुसिकोट नगरपालिका-३ का २१ वर्षीय विष्णु कसेरा र पुथा उत्तरगङ्गा गाउँपालिका-१४ का १९ वर्षीय गायस पुनलाई लागुऔषध ट्याबलेटसहित प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेका कसेरा र पुनको साथबाट अवैध लागुऔषध ट्रमाडोल १७७ क्याप्सुल र २५७ विभिन्न नामका लागुऔषध ट्याबलेट बरामद गरिएको प्रहरी नायब उपरीक्षक केसीको भनाइ छ । उनीहरुमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा तीनको मृत्यु

**बारा/मस-** मोटरसाइकल दुर्घटनामा परी बारामा तीन जनाको मृत्यु भएको छ । लङ्गडाचोकबाट कुडवातर्फ जाँदै गरेको लु२१प ६९६३ नंको मोटरसाइकलमा सवार पतरौता नगरपालिका-९ कलावंजरका ३५ वर्षीय मञ्जय ठाकुरको मोटरसाइकल दुर्घटनामा सोमबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता गौतम मिश्रले जानकारी दिए ।

उनले लङ्गडाचोकबाट बाजोपटीतर्फ जाँदै गरेको ना२३प २७४६ नंको मोटरसाइकल डोरा खोलामा दुर्घटना हुँदा पतरौता नगरपालिका-८ बस्ने २२ वर्षीय मोटरसाइकल चालक विजय यादव र सोही वडाका ५५ वर्षीय रामेश्वर यादवको समेत घटनास्थलमा सोमबार मृत्यु भएको जानकारी दिए ।

मृतक तीनै जनाको शव जिल्ला अस्पताल कलैयामा राखिएको र परीक्षणपछि अफन्तजनलाई बुझाउने प्रहरीले जनाएको छ । यसअघि डोरा पुलमा दुई जनाको मोटरसाइकल दुर्घटनामा मृत्यु भइसकेको छ ।


## साउदीमा रोजगारको अवसर
१. कम्पनी: MAGED M. AL-MEKATI CO. LTD. शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/०६ चलानी नं.: ६०१५१९४४ LT. No.: 233067

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker (General) | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१. कम्पनी: ZIAD KHATTAR & PARTNER TECHNICAL SERVICES CO शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/०६ चलानी नं.: ६०१५१९४५ LT. No.: 232094

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | labour | 14 | 0 | स. काममा दक्ष | 1000 | ३०,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा फागुन १४ गते (26 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.ह. १ को नि:शुल्क क.ह. २ को रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nepal HR Solution Pvt. Ltd.**
Gausala-09, Kathmandu, Nepal. Tel.: 4481066
Email: nepalhrs@hotmail.com



## Saudi मा रोजगार
कम्पनी: GLOBAL ENVIRONMENT MANAGEMENT SERVICES शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७६/११/६ चलानी नं.: ६०१५११९३१ L.T. No.: 233406

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३०,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा फागुन १५ गते (27 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**देवान कन्सल्ट्यान्ट्स प्रा.लि.**
पो.ब.नं. २१२२३, बत्तिसपुतली, गौशाला, काठमाडौं (क्यापिटल मर्चेन्ट बैंकको ठिक पछाडी)
फोन: ०१-४४८२९०१, ४४८२९०२, ४४८२९०३,



## यूएईमा रोजगारको अवसर
कम्पनी: PETROLAND RECRUITMENT शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७६/१०/२३ चलानी नं.: ६०१५१३५६ LT. No.: 232174 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer Assistant | 50 | 0 | स. काममा दक्ष | 800 | २४,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा फागुन १४ गते (26 Feb. 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sagar Recruitment Pvt. Ltd.**
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal
Gov. Lic No. 895/067/068 Tel: +977- 1- 4442232, Fax: +977-1- 4442285, Mob.: 9851016252, 9801049210
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np



## कतारमा रोजगार
कम्पनी: Q-TEC FACILITIES MANAGEMENT WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७६/११/०६ चलानी नं.: ६०१५१९६२ LT. No.: 232707

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 12 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 6 | 0 | | 1100 | ३४,३७५ | | | | | | | |
| 3. | Supervisor | 3 | 0 | | 3000 | ९३,७५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, सिनामंगल, काठमाडौमा फागुन १४ गते (26 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
पञ्चकुमारी गेट, सिनामंगल काठमाडौं, फोन नं. ४४६५३९४, ४४६५४९४
फ्याक्स : ४४६५२४३, मो. : ९८६०४२२१४२, ९८०११७३२३४, E-mail: threebrothershr@gmail.com



## साउदी अरबमा वैदेशिक रोजगारको अवसर
कम्पनी: MASAFAT FOR OPERATION & MAINTENANCE CO. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७६/११/०६ चलानी नं.: ६०१५१९१५ LT. No.: 233285

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Car Driver | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 45 | 0 | | 1000 | ३०,३३० | | | | | | | |

अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट
मेनपावर कार्यालय काठमाडौमा फागुन १८ गते (1 March. 2020) मा
होटल रेड कार्पेट चितवनमा फागुन १९ गते (2 March. 2020) मा
लण्डन होटल इटहरी सुनसरीमा फागुन २० गते (3 March. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9841205934
Fax: +977-1-4361742, Email: amity@mail.com.np | Website: www.amityhr.com



## बहराइनमा रोजगारको अवसर
१. कम्पनी : BOHO SALON शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०७६/११/०६ चलानी नं.: ६०१५१९३४ LT. No.: 233098

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautican | 0 | 4 | स. काममा दक्ष | 150 | ४५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SPOIL ME BEAUTY SALON शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०७६/११/०५ चलानी नं.: ६०१५१८४१ LT. No.: 233097

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautican | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ४५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Dresser | 0 | 4 | | 150 | ४५,२६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा फागुन १४ गते (26 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## मलेसियामा रोजगारको अवसर
कम्पनी : IBA SECURITY SDN BHD शहर: SEMBILAN
पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३७० LT. No.: 231244 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1200 | ३२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तर्वार्ता Head Office, Kathmandu मा फागुन १३ गते (25 Feb. 2020) मा
Anjali Ship Bikash Kendra Itahari, Sunsari मा फागुन १४ गते (26 Feb. 2020) मा
Anjali Technical Training Center Birtamod, Jhapa मा फागुन १५ गते (27 Feb. 2020) मा
Janapriya Thakali Vansa Ghar Pokhara, Kaski मा फागुन १६ गते (28 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Dream Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ११२४/०७३/०७४
Shantinagar-34, Kathmandu, Tel.: 4620829, 9801033725, 9801033135
E-mail : dreamhumanresources1@gmail.com, info.dreamrecruiting@gmail.com

यसै प्रा.लि. को लागि Documentation - 2 Nos (Male/Female) 2. Office Secretary - 2 Nos (Male/Female) हरूको पनि आवश्यकता परेको हुदाँ योग्य र इन्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।



## साइप्रसमा रोजगार
१. कम्पनी : EFTHIVOULOS GREGORIOU शहर : CYPRUS
पूर्व स्वीकृत मिति: २०७६/११/०६ चलानी नं.: ६०१५१९५६ LT. No.: 233020

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 310 | ३८,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा फागुन १४ गते (26 Feb. 2020) मा हुनेछ ।

२. कम्पनी : RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY शहर : CYPRUS
पूर्व स्वीकृत मिति: २०७६/११/०६ चलानी नं.: ६०१५१९५८ LT. No.: 233018

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 1 | 19 | स. काममा दक्ष | 314 | ३८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा फागुन १४ र १६ गते (26 & 28 Feb. 2020) मा हुनेछ ।

३. कम्पनी : SPOTCYCRISTS SERVICES A. TSANGARIDES LTD. शहर : CYPRUS
पूर्व स्वीकृत मिति: २०७६/११/०६ चलानी नं.: ६०१५१९५७ LT. No.: 233019

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 314 | ३८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा फागुन १४ र १५ गते (26 & 27 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SHALMA Human Resources Overseas Pvt. Ltd.**
Govt. Lic. No: 1111/073/074
Gaushala, Kathmandu, Nepal, Tel : 4479525, 4479526
Email: info@shalmahr.com, Web: www.shalmahr.com

# मन्त्रालयबीचको किचलोले अड्कियो औद्योगिक क्षेत्रको काम



**हेटौंडा/मस-** दुई मन्त्रालयबीचको आन्तरिक किचलोको कारण हेटौंडा उपमहानगरपालिका-१४ मयुरधापमा निर्माण थालिएको मयुरधाप औद्योगिक क्षेत्रको काम डेढ वर्षदेखि रोकिएको छ । २०७५ जेठ १९ गते डिपीआर स्वीकृति प्राप्त गरी औद्योगिक क्षेत्रको काम अगाडि बढाएपनि वन तथा वातारण मन्त्रालय र भूमि सुधार मन्त्रालयबीचको असमझदारीका कारण कामले गति लिन सकेको छैन ।

२०७२ चैत १ गतेको मन्त्रिपरिषद्को निर्णयले मयुरधापमा औद्योगिक क्षेत्र स्थापनाको तयारी गरिएपनि पर्सा राष्ट्रिय निकुञ्जले आफ्नो जग्गामा बिना अनुमति काम थालेको भन्दै काम रोकेपछि सुरु भएको विवाद अझै टुंगोमा पुगेको छैन । मन्त्रिपरिषद्को निर्णयपछि २०७३ साउन ६ गते औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले प्राप्त गरेको लालपुर्जा बदर गर्न वन तथा वातावरण मन्त्रालयले भनेपनि भूमि सुधार मन्त्रालयले बदर गर्न नमिल्ने भनेपछि औद्योगिक क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) प्रतिवेदन वनले रोकेको हो ।

व्यवस्थापन लिमिटेडले २०७५ असार २९ गते मयुरधापको आईईई प्रतिवेदन बुझाएको थियो तर औद्योगिक क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने भन्दै वन मन्त्रालयले स्वीकृति नदिँदा डेढ वर्षदेखि औद्योगिक क्षेत्र स्थापनाको काम रोकिएको छ । मंगलबार निर्माणाधिन औद्यागिक क्षेत्रको निरीक्षण गर्दै लिमिटेडका अध्यक्ष नन्दकिशोर बस्नेतले दुई महिनाभित्र औद्यागिक क्षेत्रको काम सुरु हुने बताए । औद्यागिक क्षेत्रको जग्गाको विषयमा मन्त्रालयबीच देखिएको समस्यालाई वार्ताबाटै टुंग्याउने दावी गरे ।

एकसय ९९ बिगाहा १७ कठ्ठामा फैलिएको खहरे उकास जमिनलाई संरक्षण गर्दै सरकारले नयाँ औद्योगिक क्षेत्र स्थापना गर्ने भएपछि उत्साहित बनेका स्थानीयहरु डेढ वर्षदेखि काम अघि नबढ्दा चिन्तित बनेका छन् । रोजगारीको सम्भावना देखेका स्थानीयले विवादको अन्त्य गर्दै औद्योगिक क्षेत्र स्थापनाको माग गरेका छन् ।

औद्योगिक क्षेत्र स्थापनाको काम सुरु भएसँगै उद्योगीहरु जग्गाको लागि निवेदनसमेत लिएर आउन थालेका छन् । हालसम्म मयुरधापमा उद्योग सञ्चालनको लागि तीनसय ५० उद्योगीहरुले आशयपत्र बुझाएका छन् । दुई मन्त्रालयबीचको विवादलाई समाधान गर्दै उद्योग स्थापनाको लागि जग्गा उपलब्ध गराउन उद्योगीहरुले माग गरेका छन् ।

औद्योगिक क्षेत्र स्थापनाको लागि सरकारले दुई वर्षदेखि बजेटसमेत विनियोजन गरिरहेको छ । तर, पर्याप्त काम हुन नसक्दा उक्त बजेट फ्रिज हुने गरेको छ । चालू आ.व.मा पनि संघीय सरकारले करिब ३१ करोड रुपैयाँ मयुरधाप औद्योगिक क्षेत्रको लागि छुट्याएको छ । तर, आईईई प्रतिवेदन मन्त्रालयमा रोकिएका कारण कुनै पनि काम हुन सकेको छैन ।

# भरतपुरलाई धूम्रपानरहित बनाइने




**भरतपुर/मस-** भरतपुर महानगरपालिकालाई धूमपानरहित शहर बनाइने भएको छ । आगामी डिसेम्बरमा विशेष समारोहबीच औपचारिक घोषणाका लागि महानगरपालिकाले तयारी थालेको छ ।

महानगर प्रमुख रेनु दाहालका अनुसार महानगरलाई धूमपानरहित शहर घोषणा गर्न समिति निर्माण गरी हरेक महिनाको एक दिन बैठक बसेर गृहकार्य शुरु गरिएको छ । गत साता इण्डोनेशियाको बोगर नगरमा भएको कार्यक्रममा प्रमुख दाहालले भरतपुर महानगरलाई 'स्मोक फ्री सिटी' बनाउने प्रतिबद्धता गरेका थिए ।

सो कार्यक्रममा १२ देशका ४० नगरका प्रमुखको सहभागिता रहेको थियो । नेपालबाट भरतपुर महानगर प्रमुख दाहालको उपस्थिति थियो । बोगरमा भएको प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याइने महानगर प्रमुख दाहालले बताए । उनले सूचना प्रकाशित गरी भरतपुर महानगरमा सुर्तिजन्य पदार्थको प्रयोग तथा बिक्री वितरणमा निषेध गरिएको बताए ।

भरतपुर महानगरपालिकाले विभिन्न सञ्चारमाध्यममा सूचना प्रकाशन गरी महानगरभित्र सुर्तीजन्य पदार्थको प्रयोग तथा बिक्री वितरणमा निषेध गरिएको जनाएको छ ।

प्रमुख दाहालका अनुसार सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐनको दफा ४ अनुसार भरतपुर महानगरपालिका सार्वजनिक स्थल, सरकारी कार्यालय, शिक्षण संस्था, सार्वजनिक सवारीसाधन, बालगृह, सार्वजनिक शौचालय, उद्योग कलकारखाना, मनोरञ्जन स्थल, होटल रेष्टुरेन्ट, खेलकूदस्थल, व्यवसायस्थल, धार्मिकस्थल, सार्वजनिक सवारीसाधन, प्रतीक्षालय, तथा धूम्रपान र सुर्तीजन्य पदार्थ सेवन गर्न पूर्णत निषेध गरिएको छ । होटल रेष्टुरेन्टमा तोकिएको स्थानमा मात्र धूमपान गर्न पाइनेछ ।

तोकिएको स्थानमा पनि अठार वर्ष उमेर नपुगेका व्यक्ति र गर्भवतीलाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन नपाइने व्यवस्था महानगरले गरेको छ । महानगरले लगाएको नियमविरुद्ध जाने जो कसैलाई पनि कानूनबमोजिम सजाय हुने महानगर प्रमुख दाहालको भनाइ छ ।


## माइग्रेसन हरायो

मिति २०७६/१०/०२ गते भृकुटी मण्डपबाट बागबजारसम्म जाँदा मेरो १०+२ को मेरो माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।

नाम : संकेत बराल
ठेगाना : सिन्धुली
सिम्बोल नं. : २७६०९०९२
रजिष्टेशन नं. : ७५७६३३६७२
फोन : ०१-४२५१३४२, ९८६२६८२७६९

## माइग्रेसन हरायो

मिति २०७६/१०/०२ गते कोटेश्वरबाट बागबजारसम्म जाँदा मेरो १०+२ को मेरो माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।

नाम : सुरती पाण्डे
ठेगाना : पोखरा
सिम्बोल नं. : २४००५२२२
रजिष्टेशन नं. : ७५४०३२४६२
फोन : ९८५६०५९५८०



## साउदीमा रोजगार

कम्पनी: MUSHABAB F AL DOSSARY ESR FOR RENTAL EQUIPMENTS
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/०६ चलानी नं.: ६०१५१९१३ LT. No.: 233435

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
